का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ जेठ २०७९,
शुक्रबार
10 June 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्नं
वर्ष २०, अंक १२५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# विश्वविद्यालयमा ‘दादागिरी’

आफू अनुकुल विश्वविद्यालय चलाउने दल निकट विद्यार्थीहरुको स्वार्थकै कारण महिनौसम्म विश्वविद्यालयमा ताला लगाउनेदेखि शृङ्खलाबद्ध प्राध्यापक कुटपिटका घटना सार्वजनिक हुँदै गएको छ ।



त्रिविमा लगाइएको ताला खुलाउन मागसहित प्रदर्शनमा उत्रिएका अखिलका कार्यकर्ता ।



अनेरास्ववियुका कार्यकर्ताको कुटपिटबाट घाइते भएका अस्कलका उपप्राध्यापक दिवाकर पाण्डे ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

नेकपा एमालेका सांसद भीम रावलले १३९ दिनदेखि त्रिभुवन विश्वविद्यालयमा लागेको ताला नखुलेकोमा सरकारको ध्यानाकर्षण गराएका छन् । बिहीबार प्रतिनिधिसभा बैठकमा सांसद रावलले ताला खुलाउन सरकारले पहल नलिएकोप्रति सांसद रावलले चर्को आपत्ति जनाए ।

‘१३९ दिन भयो, त्रिभुवन विश्वविद्यालयमा ताल्चा लागेको गृहमन्त्रीज्यू, शिक्षामन्त्रीज्यू तपाईलाई जानकारी छ ? के उत्कृष्ठ हुन लागेको हो ?’, रावलले त्रिविमा लागेको तालाबारे चर्को आक्रोश पोखे । नेपाली कांग्रेस निकट विद्यार्थी संगठन नेवि संघले उपकुलपति सहित पदाधिकारीको कार्यकक्षमा गरेको तालाबन्दी नखुलेकोमा रावलले चर्को आक्रोश पोखे ।

नेवि संघले भ्रष्टाचार भएको, डिन, प्राध्यापक देखि विभागीय प्रमुखको नियुक्ति मनपरी ढंगले भएको भन्दै ताला लगाएको हो । अन्य एजेण्डा भन्दा पनि त्रिविको भागबण्डा नेवि संघको प्रमुख माग हो ।

– बाँकी पृष्ठ २ मा

## त्रिविमा किन संधै तालाबन्दी ?

**काठमाडौं/रासस–** मुलुकको शैक्षिक केन्द्रको रूपमा स्थापित त्रिभुवन विश्वविद्यालय । यो देशको जेठो विश्वविद्यालय पनि हो । तर यही विश्वविद्यालयमा विभिन्न बहानामा तालाबन्दी हुन्छ । शैक्षिक क्रियाकलापभन्दा अन्य क्रियाकलाप नै बढी हुने गरेको छ । कहिले विद्यार्थी संगठनले, कहिले प्राध्यापकसँग जोडिएका संघसंस्थाले विश्वविद्यालयमा तालाबन्दी गर्दा सबै शैक्षिक क्रियाकलापसमेत प्रभावित हुने गरेको छ । सरोकारवाला निकायले ध्यान नदिँदा शैक्षिक स्थल अराजकताको भुमरीमा फसेको छ ।

ज्ञान बाँड्ने थलो लगातार तालाबन्दीको सिकार हुँदा पनि

– बाँकी पृष्ठ २ मा

# बेवास्तामा उपसभामुख पद

सत्तारुढ पाँच दलीय गठबन्धन र प्रमुख विपक्षी नेकपा एमालेको मौनताका कारण अझै कति समय प्रतिनिधिसभाले उपसभामुख नपाउने हो कुनै टुङ्गो छैन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

प्रतिनिधिसभा बैठकमा सांसदहरु हरेक दिन उपसभामुख कहिले चयन हुन्छ भनी प्रश्न उठाइरहेका छन् । लामो समयदेखि उपसभामुख पद खाली हुँदा समेत शीर्ष नेताहरुको ध्यान नगएको भन्दै कांग्रेस सांसद अमरेशकुमार सिंह उपसभामुख पद नै खारेज गरे हुन्छ भनेर व्यङ्ग्य गर्छन् ।

‘हामी कस्तो संसदीय व्यवस्था अगाडि बढाउन खोजिरहेका छौं ? उपसभामुख चाहिएन भने उपसभामुख पद नै खारेज गरौं । चाहियो भने उपसभामुखको नियुक्ति किन भएन ? उपसभामुखको कारणले साधारण खर्च बढ्छ भने उपसभामुख पद खारेज गरौं’ बुधबार प्रतिनिधिसभाका बजेटको मन्त्रालयगत शीर्षकमाथिको छलफलमा भाग लिँदै भने ।

सांसद सिंहले भने जस्तै शीर्ष




नेताहरुले वेवास्ता गर्दा २८ महिना अर्थात, १२ माघ २०७६ देखि खाली छ । सत्तारुढ पाँच दलीय गठबन्धन र प्रमुख विपक्षी नेकपा एमालेको मौनताका कारण अझै कति समय प्रतिनिधिसभाले उपसभामुख नपाउने हो कुनै टुङ्गो छैन् ।

०७६ माघ १२ गते सभामुखमा सत्तारुढ दल नेकपाबाट अग्निप्रसाद सापकोटा निर्वाचित भएका थिए ।

सभामुखको निर्वाचन लगत्तै उपसभामुख चयनको प्रक्रियाबारे छिट्टै टुंगो लाग्ने अपेक्षा थियो । केही छलफल र बहस भए, कसलाई उपसभामुख बनाउने भन्ने विषयमा केही गृहकार्य समेत भएका थिए । तर, त्यसबेला दलहरु उपसभामुख पद कसलाई दिने भन्नेमा टुंगोमा नपुग्दा उपसभामुख पद खाली नै रहन पुग्यो । त्यसबेलाको दलीय समिकरण र अहिलेको दलीय समिकरण फरक छ । तैपनि शीर्ष नेताहरु उपसभामुख चयनमा मौन देखिन्छन् ।

सभामुख र उपसभामुख फरक दलको हुनुपर्ने संवैधानिक व्यवस्था छ । संविधानको धारा ९१ को उपधारा (२) १ बमोजिम सभामुख र उपसभामुख फरक दल र फरक लिंगको हुनुपर्छ । नेकपा माओवादी केन्द्रबाट सांसद निर्वाचित अग्नि सापकोटा सभामुख रहेकाले माओवादी केन्द्र बाहेक नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) लोकतान्त्रिक समाजवादी पार्टी वा

– बाँकी पृष्ठ २ मा

# पूर्णता पाउन नसकेको माओवादी केन्द्र

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

नेकपा माओवादी केन्द्रले पार्टीको महाधिवेशन सकिएको ५ महिना बितिसक्दा समेत पदाधिकारीको टुंगो लगाउन सकेको छैन । गत पुसमा सम्पन्न भएको महाधिवेशनले पार्टीको अध्यक्षमा पुष्पकमल दाहाललाई सर्वसम्मत अध्यक्ष बनाउने निर्णय गरेपनि पदाधिकारीको नाम भने टुंगो लाग्न नसकेको हो ।

तर, पार्टीभित्रैबाट पदाधिकारी छनौटमा ढिलाई भएको आवाज सुनिन थालेपछि भने माओवादी केन्द्रले आगामी असारसम्ममा पार्टी कमिटीको जिम्मेवारी हस्तान्तरण गर्ने तयारी थालेको छ ।

‘अब असार १५ गते केन्द्रीय समिति बैठक अघि नै पदाधिकारीसहित स्थायी समिति,



> पुष्पकमल दाहाल प्रचण्डलाई सर्वसम्मत अध्यक्ष चयन गरेर नेकपा माओवादी केन्द्रको आठौं राष्ट्रिय महाधिवेशन सकियो । तर पदाधिकारी चयनको प्रस्ताव भने लगातार पछि धकेलिदै लगिएको छ ।

पोलिटब्युरो र बाँकी केन्द्रीय समिति टुंगो लगाउने गरी गृहकार्य भइरहेको छ’ माओवादी केन्द्रका नेता लिलामणि पोखेलले जानकारी दिए । अब बस्ने केन्द्रीय समिति बैठकबाट पदाधिकारीको नाम टुंग्याउने गरी शीर्षस्थ नेताहरुबीच छलफल भईरहेको नेता पोखरेलले बताएका हुन् ।

### आंकाक्षीको भीड

माओवादी केन्द्रको महासचिव हुन सबै

– बाँकी पृष्ठ २ मा

## नासा ह्युमन आक्रमणबारे सञ्चालक गुरूङको भनाइ
# ‘लाखौं खर्चेर फर्काएँ, मैमाथि आक्रमण भयो’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ जेठ



राजधानीको महाराजगंज, चक्रपथस्थित नासा ह्युमन रिसोर्स प्रा.लि.ले साउदी अरबबाट फर्काइएका कामदारको क्षतिपूर्ति लगायतका विषयमा वैदेशिक रोजगार विभागमा छलफल भइरहेका बेला आफ्नो कार्यालयमा आक्रमण भएको बताएको छ ।

प्रा.लि.का सञ्चालक युवराज गुरूङले दिएको जानकारी अनुसार आफुहरूलाई युट्युबर बताउने समूहले वैदेशिक रोजगारमा साउदी अरेबियाबाट फर्काइएका कामदारको क्षतिपूर्तिलगायतका विषयमा कागजी सहमति भइसकेका मानिसहरूलाई उक्साएर गत जेठ १५ गते जबरजस्ती कार्यालय प्रवेश गरेर सांघातिक प्रकृतिको आक्रमण गरेको बताए ।

म्यानपावर कम्पनीले बसुन्धरामा रहेको भनिएको बिगेष्ट म्यानपावर कम्पनीको एजेण्ट बताउने सुरेन योङहाङ लिम्बू र प्रकाश तामाङसमेतले बिना

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## ‘सीप बोकेर आएकाहरुको तथ्यांक लिन जरुरी’

**काठमाडौं/मस–** प्रतिनिधिसभाका सांसद गिरिराजमणि पोखरेलले मुलुकको आर्थिक वृद्धिका लागि वैदेशिक रोगजारीबाट सीप बोकेर आएकाहरूको तथ्यांक लिन जरुरी रहेको बताएका छन् । उनीहरुको सीपलाई उद्यमशीलता प्रवर्द्धनमा लगाउन पनि उनले आग्रह गरे ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा विनियोजन विधेयक, २०७९ अन्तर्गत मन्त्रालयका विविध शीर्षकमाथिको छलफलमा भाग लिँदै उनले भने, ‘त्यसरी सिकेर आएका श्रमिकहरूलाई पूँजी तालिम, उत्प्रेरणा र बजारसम्बन्धी ज्ञान दिएर उद्यमशीलता प्रवर्द्धनमा लगाउन सकियो भने अर्थतन्त्रलाई बहुआयामिक कोणबाट सुन्दर बनाउन भूमिका खेल्न सकिन्छ ।’

उनले यसका लागि निजी

– बाँकी पृष्ठ २ मा

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको
सूचना ! सूचना !! सूचना !!!

आदरणीय वैदेशिक रोजगार व्यवसायीज्यूहरु वैदेशिक रोजगारीका लागि मलेसिया जाने कामदारहरुको स्वास्थ्य परीक्षण सम्बन्धमा सार्वजनिक भएका विषयहरुमा यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । LOT NO प्राप्त हुन अगाडि गरिएका स्वास्थ्य परीक्षण र त्यसवापत कामदारले व्यहोर्नु परेको आर्थिक क्षतिको विवरण संकलन गर्नु परेकाले यहाँको एजेन्सीमार्फत गरिएको तर स्वास्थ्य परीक्षण अनलाइन नगरेका कारण Expired भएकाहरुको विवरण एशोसिएसनको इमेल ndfeefforum@gmail.com र Whatsapp नम्बर 9745945818 मा उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

कुमुद खनाल
अध्यक्ष

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८ । ईमेल: ndfeefforum@gmail.com

KUWAIT मा पुरुष तथा महिलाहरुलाई रोजगारको अवसर

Land Mark Group



कम्पनी:
Landmark Central Market Co. WLL
पूर्व स्वीकृत मितिः २०७९/०२/२६ चलानी नं.: ६०१८०६९३
LT. No.: 264672
शहर: Al Omariya

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 15 | 15 | सम्बन्धित काममा दक्ष | 150 | ६०,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales | 15 | 15 | | 150 | ६०,७४८ | | | | | | | |
| 3. | Waiter | 15 | 15 | | 150 | ६०,७४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ३ देखि ११ गते सम्म (17 to 25 JUNE 2022) मा हुनेछ ।

१५ दिन भित्र Flight हुनेछ ।

कम्तीमा SLC पास साथै अंग्रेजी भाषा राम्रो सँग लेख्न बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
नोट: अन्तर्वार्तामा उपस्थित हुँदा सक्कल कागजात र राहदानी सहित उपस्थित हुनुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mobile: 9851038901, 9841669457, 9818550053, 9810330880, 9801026390

# अमेरिकी सेनाका एशिया–प्रशान्त क्षेत्र प्रमुख नेपालमा



**काठमाडौं/मस–** अमेरिकी सेनाका एशिया-प्रशान्त क्षेत्र प्रमुख चार्ल्स ए फ्लिन चारदिने औपचारिक सद्भावना भ्रमणका लागि नेपाल आएका छन् । उनलाई बिहीबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली सेनाका रथी बालकृष्ण कार्कीले स्वागत गरेका थिए । नेपाली सेनाका अनुसार उनले शुक्रबार सैनिक मुख्यालय जङ्गी अड्डाको भ्रमणका साथै प्रधानसेनापति प्रभुराम शर्मासँग भेटवार्ता गर्नेछन् । उनको भ्रमण तालिकाअनुसार सगरमाथाको आधार शिविर पुग्ने तथा आइतबार उनले काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको समेत भ्रमण गर्नेछन् ।

उनले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि भेटवार्ता गर्ने बताइएको छ ।

नेपालस्थित अमेरिकी राजदूतावासका अनुसार नेपाल र अमेरिकाबीच कायम रहेको दशकौं लामो रक्षा सहकार्यको निरन्तरताका रूपमा उहाँको भ्रमण हुन लागेको हो । भ्रमणका क्रममा फ्लिनले नेपाल सरकारका उच्च नेतृत्वसँग पनि शिष्टाचार भेटघाट गर्ने जनाइएको छ । उनले आफ्नो बसाइका क्रममा नेपालले राष्ट्रसंघीय शान्ति सेनामा पुर्‍याइरहेको भूमिकाको प्रशंसा गर्दै वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको अवलोकन तथा विपद् पूर्वतयारी, प्रतिकार्य तथा मानवीय सहायताका क्षेत्रमा अमेरिकी सहयोगका विविध विषयमा पनि छलफल गर्नेछन् ।

# ओहोदाको प्रमाणपत्र पेश

**काठमाडौं/मस–**राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नेपालका लागि चिली, जमैका, इन्डोनेसिया र स्पेनका राजदूतहरुले ओहोदाको प्रमाणपत्र पेश गरेका छन् ।

उनीहरुले छुट्टाछुट्टै समारोहमा प्रमाणपत्र पेश गरेका हुन् ।

चिलीका उवान रोलान्डो एङ्गुलो मोनस्लाभ, जमैकाका जासन किट्स म्याथ्यू हल, इन्डोनेसियाका हेरु हारटान्टो सुबोलो र स्पेनका ओसे मारिया रिडाओ डोमिनगेजले आ-आफ्नो ओहोदाको प्रमाणपत्र बुझाएका हुन् । सो अवसरमा परराष्ट्रमन्त्री डा.नारायण खड्कालगायतका उच्च अधिकारीको उपस्थिति थियो ।

## विश्वविद्यालयमा ...

तर कांग्रेस सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले यसतर्फ ध्यान नदिएको एमाले नेताहरुले निष्कर्ष छ ।

एमाले नेताहरुले त्रिविमा लागेको तालाबारे संसदमा कुरा उठाइरहँदा अनेरास्ववियु प्रदर्शन गरिरहेको छ । एमाले निकट अनेरास्ववियुले ताला नखुले फोर्ने चेतावनी दिएको छ । तर तिनै अनुरास्ववियुका कार्यकर्ताले अमृत साइन्स क्याम्पस (अस्कल) का उपप्राध्यापक माथि आक्रमण गरेका छन् । अस्कलका उपप्राध्यापक दिवाकर पाण्डेमाथि अखिल इकाइ कमिटीका सहसचिव पंकज पाण्डेले कुटपिट गरेको क्याम्पस प्रमुख लोकबहादुर बरालले बताएका छन् ।

उनका अनुसार, एकान्तमा लगेर अखिलका कार्यकर्ताले कुटपिट गरेका हुन् । अखिलका कार्यकर्ताले भर्ना प्रक्रियामा कीर्ते नामावली तयार पारेको भन्दै क्याम्पस प्रशासनले मुद्दा लगाएको थियो । त्यही मुद्दामा दबाव दिन उपप्राध्यापक पाण्डेमाथि कुटपिट भएको क्याम्पस प्रशासनले जनाएको छ ।

तर अखिलका अध्यक्ष सुनिता बरालले भने आफ्ना कार्यकर्ताले कुटपिट नगरेको जनाएकी छन् । अनेरास्ववियु र क्याम्पस प्रशासनबीच यसअघि बीच तनाव सिर्जना हुँदै गएको थियो । क्याम्पस प्रमुख माओवादी केन्द्र निकट भएको भन्दै अखिलले असहयोग गर्दै आएको छ । गएको ४ वैशाखदेखि अस्कलमा अखिलले ताला लगाइरहेको छ । तर एमाले नेताहरुले भने त्रिविका तालाबारे मात्रै कुरा उठाइरहेका छन् भने अखिलले आन्दोलन गरिरहेको छ ।

जबकी त्रिविको समस्या भने अस्कलकै जस्तो हो । अस्कलमा अखिलको ताला छ भने त्रिविमा नेवि संघको । दुवैको समस्या क्याम्पसमा राजनीतिक स्वार्थ देखिनु हो । प्राध्यापक राजनीतिक स्वार्थमा नियुक्त गरिने र आफू निकटलाई प्राध्यापक ल्याउन चाहने विद्यार्थी संगठनको असर भने विश्वविद्यालयमाथि पर्दै आएको छ ।

कतिसम्म भने आफू अनुकुल विश्वविद्यालय चलाउने खोज्ने विद्यार्थी संगठनहरुको स्वार्थमा प्राध्यापक कुटिने शृङ्खला बढेर गएको छ । २० असोज २०७७ मा त्रिविकै उपप्राध्यापक प्रेम चलाउने विद्यार्थीकै कुटपिटबाट गम्भीर घाइते भएका थिए । कुटपिटमा संलग्नहरुले दिएको बयान अनुसार, नेवि संघकै आडमा उपप्राध्यापक चलाउनेमाथि कुटपिट भएको थियो ।

उपप्राध्यापक कुटपिटमा संलग्न रुपेश शाह र रवीन लामालाई प्रहरीले पक्राउ गरेपनि काठमाडौं जिल्ला अदालतले ५० हजार धरौटीमा रिहा गर्ने आदेश दिएको थियो । कतिसम्म भने चिट चोर्न नपादिएकोभ न्दै आरआर क्याम्पसका शिक्षक प्रकाश पुडासैनीमाथि आक्रमण भएको थियो । विश्वविद्यालयमा छिरेको राजनीतिकै कारण हुने तालाबन्दी र कुटपिटको घटना लगातार अदालत पुग्ने गरेको छ ।

## त्रिविमा...

विश्वविद्यालयको व्यवस्थापन तथा सम्बद्ध अधिकारीले ध्यान नदिँदा चौतर्फी आलोचना भइरहेको छ । किन तालबन्दी हुन्छ र के माग राखिन्छ भन्ने बारेमा आमरूपमा जानकारी दिइँदैन । विश्वविद्यालयमा तालाबन्दी गर्नु राम्रो हो कि होइन ? यो प्राज्ञिक विषयभित्र पर्छ वा पर्दैन भन्ने बारेमा त्यस्ता काम गर्नेले नै उत्तर देलान् वा नदेलान् तर त्यस्ता विषयले धेरैलाई नैतिक प्रश्न उठाइदिएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा समेत सो विषयले प्राथमिकता पायो । विश्वविद्यालय ज्ञान बाँड्ने थलो हो कि आन्दोलन वा तालाबन्दी गर्ने थलो हो भन्दै सांसदहरुले सरकारको ध्यानाकर्षण गराए ।

छलफलमा सहभागी सांसद राजेन्द्र गौतमले त्रिभुवन विश्वविद्यालयमा भइरहेको तालाबन्दीको संस्कारबाट कहिले मुक्ति पाइएला भन्ने जिज्ञासा राखे । अर्का सांसद योगेश भट्टराईले पनि विश्वविद्यालयभित्र फैलिएको तालाबन्दीको रोगको उचित निरुपण गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद घनश्याम खतिवडाले पाँच महिनादेखि त्रिभुवन विश्वविद्यालयमा तालाबन्दी भएको र संस्कृत विश्वविद्यालय एक महिनादेखि तालाबन्दी भएको भन्दै यस्तो समस्याको समाधान कहिले होला भनेर जिज्ञासा राखे । यस्तै केही सांसदले शैक्षिक क्षेत्रमा सरकारले ध्यान दिन नसकेको, बजेट नबढेको तथा विद्यालयलाई 'मर्ज' गर्ने विषयमा दीर्घकालीन सोच नभएकामा गुनासो गरे । शिक्षा राज्यको दायित्व भए पनि त्यसतर्फ ध्यान नदिइएको तथा उचित बजेटको प्रबन्ध नभएकामा सांसदहरुले किन त्यस्तो भयो भन्ने जिज्ञासा राखे ।

सांसद चित्रलेखा यादवले सार्वजनिक शिक्षाको कायापलट नभएसम्म मुलुकको कायापलट नहुने धारणा राखिन् । उनले गुणस्तरीय शिक्षालाई सुनिश्चित गर्ने माध्यमको प्रभावकारिता अबलम्बन गर्न नसकिएको बताइन । आगामी आर्थिक वर्षको बजेटमा सरकारले शिक्षामा पहुँच विस्तार गर्नुका साथै पूर्वाधार निर्माण र गुणस्तर सुधार गरी उत्पादनशील र नवप्रवर्तनशील मानव पुँजी विकास गर्ने लक्ष्य राखेको छ । तथ्य र विज्ञानमा आधारित शिक्षा प्रवर्द्धन गर्ने, प्रदेश र स्थानीय तहको सहकार्यमा रोजगारमूलक र जीवनोपयोगी शिक्षा प्रदान गर्न विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा ल्याइने विषय बजेटमा समावेश छ ।

शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने उद्देश्यका साथ विद्यार्थीलाई कक्षा कोठाबाटै व्यावसायिक ज्ञान र सीप प्रदान गर्न कार्यक्रम सञ्चालन गर्ने विषयलाई बजेटले प्रमुख प्राथमिकतामा राखेको छ । हाल १४० वटा विद्यालयमा सञ्चालित पढ्दै कमाउँदै कार्यक्रमलाई थप १०० विद्यालयमा विस्तार गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

शिक्षासँगै सीप भन्ने अभियानका साथ माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई सीपमूलक तालिम प्रदान गर्ने गरी पाठ्यक्रम विकास गर्ने कार्यक्रम छ । माध्यमिक तह उत्तीर्ण भएसँगै स्वावलम्बी बन्न सक्ने गरी विद्यार्थीलाई कुनै एक व्यावसायिक दक्षता हासिल गराई रोजगार वा स्वरोजगार बन्न सक्षम बनाइने बजेटमा उल्लेख छ । प्राविधिक विषयको स्नातक तह र अन्य विषयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई स्थानीय तहको योजना निर्माण र ग्रामीण विकासमा योगदान गर्ने गरी न्यूनतम ९० दिन स्वयंसेवामा लगाउन सम्बन्धित विश्वविद्यालयले आवश्यक व्यवस्था मिलाउने छ ।

सरकारी तथा निजी विद्यालयमा रहेको फरक कम गर्नका लागि सामुदायिक विद्यालयका प्रधानाध्यापकको शैक्षिक नेतृत्व, सीप तथा व्यवस्थापन क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गर्ने विषय बजेटमा समावेश गरिएको भन्दै सांसदहरूले प्रशन्नता व्यक्त गरे । तर शैक्षिक सत्र सुरु भइसक्दा पनि पुस्तक नपाउनु दुःखद् भएको धारणा राखे ।

विद्यार्थीको शैक्षिक नतिजाका आधारमा विद्यालय व्यवस्थापन तथा शैक्षिक सुधारका लागि प्रधानाध्यापकबाट पेस भएको प्रस्ताव विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत भएमा सोबमोजिमको योजना कार्यान्वयन गर्न पाँच लाख रुपैयाँसम्म प्रधानाध्यापकले खर्च गर्न पाउने व्यवस्था मिलाइएको छ ।

नयाँ र उदीयमान विषयमा उच्च शिक्षाको अध्ययनको अवसर स्वदेशभित्रै प्रदान गरी उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति न्यून गर्न सार्वजनिक निजी साझेदारी अवधारणामा अन्तर्राष्ट्रियस्तरको सूचना प्रविधि अध्ययन प्रतिष्ठान स्थापना गर्न सहजीकरण गर्ने लक्ष्य छ ।

उच्च शिक्षाको अध्ययन अध्यापन कार्यलाई अनुसन्धानमा आधारित बनाउन त्रिभुवन विश्वविद्यालयलाई सेन्टर अफ एक्सिलेन्सका रूपमा विकास गर्ने कार्यक्रम छ ।

सांसद दीपकप्रकाश भट्टले सरकारको यो नीतिप्रति प्रसन्नता व्यक्त गरे । उनले त्यसका लागि स्पष्ट कार्यक्रम र बजेटको आवश्यकता औंल्याए ।

## बेवास्तामा...

स्वतन्त्र सांसदको हैसियतमा रहेका साना पार्टीका सांसदलाई पनि उपसभामुख बनाउन सकिन्छ । सत्तारुढ दल नेकपाका प्रमुख सचेतक देव गुरुङ जहिले दलहरुका बीचमा सहमति हुन्छ तहिले प्रतिनिधिसभाले उपभामुख पाउने बताउँछन ।

भन्छन्, 'दलहरुका बीचमा जहिले सहमति भएर निर्वाचन गर्ने भन्छ त्यहि बेला प्रतिनिधि सभाले उपसभामुख पाउने प्रकिया अगाडि बढ्छ ।' २८ महिनासम्म दलहरुका बीचमा सहमतिका लागि के कस्ता प्रयास भए ? भन्ने विषयमा गुरुङ बोल्न चाहन्न । माओवादीले चाहेर मात्रै उपसभामुखको निर्वाचन नहुने उनको जवाफ छ । भन्छन्, 'उपसभामुखको निर्वाचन गराउने कुरा सत्ता वा प्रतिपक्षको कुरै होइन । यसमा सबै दल तयार हुनुपर्यो' प्रमुख सचेतक गुरुङले भने ।

प्रतिपक्षमा हुँदा उपसभामुख निर्वाचनको माग गर्ने कांग्रेस सत्तामा पुगेको पनि ११ महिना भइसकेको छ । कांग्रेसले पनि पछिल्लो समय उपसभामुखबारे चासो राख्न छाडेको छ । तर, कांग्रेस सचेतक पुष्पा भुसाल सत्तागठबन्धन र प्रतिपक्षका बीचमा उपसभामुख चयनका विषयमा छलफल भैरहेको बताउँछिन् । 'कहिले चयन हुन्छ ठ्याक्कै मिति भन्न सकिएन तर, गृहकार्य भैरहेकै छ' उनले भनिन् । बजेट अधिवेशन सकिएपछि उपसभामुख निर्वाचनबारे छलफल हुने उनको आश्वासन छ । 'हामीले पहिलेदेखि भनेकै छौं । अब बजेट अधिवेशनपछि गठबन्धन सरकारले पनि उपसभामुख चयनबारे सोच्छ', उनले भनिन् ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेका प्रमुख सचेतक विशाल भट्टराई उपसभामुख चयनका लागि स्वम सभामुख र सत्तारुढ गठबन्धन गम्भीर बन्नुपर्ने बताउँछन् । आफ्नो पार्टीले पनि उपसभामुख चयनका लायिग निरन्तर आवाज उठाउँदै आएको उनको भनाई छ ।

उठाउनलाई उठाउने मात्रै कि संसदलाई उपसभामुख पनि दिलाउने गरी एमालेले भूमिका खेल्छ ? भन्ने प्रश्नमा उनी भन्छन्, ' उपसभामुखको चयन अविलम्ब होस भनेर भनेकै छौं । तर, सरकारले पनि यसमा ध्यान दिनुपर्ने हुन्छ ।' नेताहरुका अनुसार वतृमान सत्तारुढ गठबन्धनसँग बहुमत रहेकाले उपसभामुखबारे एमालेले गम्भीर चासो नराखेको हो । 'संसदमा एमालेको बहुमत छैन । उपसभामुखको निर्वाचन होस् भन्ने हाम्रो चाहना छ । यसको कार्यान्वयन गर्ने दायित्व सभामुखको पनि हो' एमालेका प्रमुख सचेतक भट्टराईले भने ।

प्रतिनिधि सभा नियमावली २०७५ को नियम ८ मा उपसभामुखको निर्वाचन सम्बन्धी व्यवस्था छ । उपनियम १ मा उपसभामुखको निर्वाचन सभामुखले तोकेको दिन र समयमा हुने उल्लेख छ । उपसभामुख चयनका लागि प्रधिनिधि सभामा तत्काल कायम रहेका सांसद संख्याको बहुमत चाहिन्छ ।

२७५ सदस्यीय प्रतिनिधिसभामा हाल २७१ सदस्य छन् । ४ जना पदमुक्त भएकाले २७१ सदस्य मात्रै रहेका हुन् । २७१ मा पनि बिभिन्न राजनीतिक दलका ५ जना सांसद निलम्बनमा छन् । उपसभामुख चयनको मतदानमा निलम्बनमा परेका पाँचै जना सहभागी हुन पाउँदैनन् तर, विद्यमान संसद संख्यामा भने गनिनेछन् । यसकारण २७१ को दुईतिहाइ १८१ हुन्छ । प्रतिनिधिसभामा एमालेका ९८ (एक जना निलम्बित), कांग्रेसका ६३ (२ जना निलम्बित) छन् । माओवादी केन्द्रका ४९ जना छन् । नेकपा एकीकृत समाजवादी २३, जनता समाजवादी पार्टीका २१ (२ निलम्बन), लोकतान्त्रिक समाजवादी पार्टीका १३ सांसद छन् । राष्ट्रिय जनमोर्चा नेपाल, राप्रपा र नेमकिपाको १/१ जना छन् ।

## पूर्णता....

भन्दा बढी ईच्छुक स्थायी समिति सदस्य एवं अर्थमन्त्री जनार्दन शर्मा र अर्का स्थायी समिति सदस्य वर्षमान पुन देखिएका छन् । नेता पुन यसअघि सचिव र शर्मा स्थायी समिति सदस्य मात्रै थिए । तर, पछिल्लो समय शर्मा पार्टी संगठन विभाग प्रमुख बनेका छन् । त्यसैगरी उर्जामन्त्री पम्फा भुसालले पनि महासचिवको तीव्र आकांक्षी देखिएकी छिन् ।

अध्यक्ष प्रचण्डपछि पार्टीको नेतृत्वमा पुग्ने योजना बनाएकी भुसालले अहिले महासचिव हुनका लागि पहल गरिरहेको उनी निकटस्थ नेताहरु बताउँछन् । उनी स्थायी समिति सदस्य देव गुरुङ लगायत नेताहरूलाई मिलाएर सबै महिलाको प्रतिनिधित्वसमेत हुने गरी महासचिवमा दाबी गर्ने योजनामै देखिन्छिन् ।

अर्का स्थायी समिति सदस्य शक्तिबहादुर बस्नेत पनि महासचिवको दौडमा छन् । यसअघि पार्टी सचिव भएका उनी पार्टीको वन तथा वातावरण विभाग प्रमुख र कर्णाली प्रदेश इन्चार्जको जिम्मेवारीमा छन् । 'पार्टी स्थायी समिति सदस्यहरुले पदाधिकारीका निम्ती अपेक्षा राख्नु स्वाभाविक कुरा हुन्छ। ती सबै विषय आपसी छलफलबाट टुंगो लगाउछौं ' नेता बस्नेतले भने । उनले छिट्टै पदाधिकारी टुंग्याएर स्थानीय चुनावको समीक्षा हुने पनि बताएका छन् ।

त्यस्तै, नेता नारायणकाजी श्रेष्ठ निकट मानिने गिरिराजमणि पोखेल पनि महासचिवको दौडमा छन् । यसअघि शिक्षामन्त्री र पार्टीको सचिव बनेका पोखेलले आफूलाई पनि दाबेदार मान्दै आएका छन् । यसअघि पार्टीको कोषाध्यक्ष रहेका स्थायी समिति सदस्य हरिबोल गजुरेलसमेत महासचिवमा दाबी गर्ने योजनामा छन् । महासचिव नपाए उपाध्यक्ष हुने तयारीमा उनी छन् । पार्टीभित्र तीव्र आकांक्षा देखिएको महासचिव पद कसलाई दिन्छन् त्यो भने अध्यक्ष प्रचण्डकै हातमा छ ।

## नासा...

अनुमति जबरजस्ती म्यानपावर कार्यालयमा प्रवेश गरी ड्युटीमा रहेका कर्मचारीलाई 'उठाई दिने' धम्की दिएर तोडफोड गरेको गुरूङले बताए ।

म्यानपावर कम्पनीमा तोडफोड र ज्यान मार्ने समेतको धम्की दिएकाले जीउधनको रक्षा र दोषीलाई हदैसम्मको कारबाहीको माग गर्दै महानगरीय प्रहरी वृत महाराजगञ्जमा जाहेरी दिएको र एक अनलाइन टिभीका पत्रकारलाई कारबाही गर्न वैदेशिक रोजगार विभाग, प्रेस काउन्सिल, नेपाल पत्रकार महासंघलगायतका निकायमा निवेदन दर्ता गराएको उनले बताए । गुरूङले दिएको उजुरीका आधारमा प्रेस काउन्सिलले उक्त अनलाइन टिभीलाई स्पष्टीकरणका लागि पत्र पठाएको छ ।

गुरूङ सञ्चालक रहेको नासा ह्युमन रिसोर्स प्रा.लि.ले साउदी अरेबियाको अल बदर इन्टरनेशनल अपरेसन एण्ड मेन्टिनेन्स कम्पनीमा पठाएका कामदारले तोकिएको सेवा सुविधा र तलब नपाएको भन्दै घर फिर्ताका लागि परिवारमार्फत दबाब दिएपछि गुरूङले स्वदेश फर्केपछि उजुर बाजुर नगर्ने शर्तमा उनीहरूलाई उद्धार गरी स्वदेश ल्याएको बताए ।

उनले भने, 'कोरोना संक्रमणको मार खेपिरहेको बेला लाखौं रूपैयाँ खर्च गरेर स्वदेश ल्याएँ, स्वदेश आएपछि मेरो कार्यालयमा आक्रमण गरे । जबरजस्ती म्यानपावर कार्यालयमा प्रवेश गरेर कर्मचारीलाई 'उठाई दिने' धम्की दिएपछि अफिसका महिला कर्मचारी आतंककित बनेका छन् । विभागले सहमति भएको विषयमा दोहोऱ्याएर उजुरी दर्ता गरेको विषयमा म छक्क परेको छु ।'

कुनै किसिमको क्षतिपूर्ति दाबी गरी उजुरी नगर्ने लिखतनामा गरेपछि आफ्नो कम्पनीले साउदीस्थित उक्त कम्पनीमा जरिवाना रकम बुझाउन १ लाख ५० हजार रियाल पठाई एक्जिट पर्मिट निकाली हवाई टिकटको छुट्टै व्यवस्था गरी नेपाल ल्याएको र कामदारका नेपालस्थित आश्रित परिवारलाई सहयोग स्वरूप लक्ष्मी बैंक मार्फत रकम पठाएको भन्दै सञ्चालक गुरूङले आफुले सहयोग र उद्धारका लागि कुनै कमि नगरेको बताए ।

उनले भने, 'रमदानको कारणले एक जनाको हवाई टिकटका लागि ३७ हजार ५ सय रूपैयाँ खर्च गर्नुपर्‍यो, त्यो पनि व्यहोरें, तर स्वदेश आएपछि मेरै कम्पनीमा आक्रमण गरे ।'

वैदेशिक रोजगार ऐनले तोकेको जिम्मेवारी लिन कम्पनी तयार रहेर छलफल गरिरहेको भन्दै उनले कुनै किसिमको क्षतिपूर्ति दाबी गरी उजुरी नगर्ने लिखतनामा गरेपछि आफ्नो कम्पनीले साउदीस्थित उक्त कम्पनीमा जरिवाना रकम बुझाउन रकम पठाएको र हवाई टिकट खरिद गरेको कारणले सहमति अनुसार कुनै पनि प्रकारको क्षतिपूर्ति दिनु नपर्ने लिखित जवाफ विभागलाई पनि दिएको बताए ।

कम्पनीले तोके अनुसार काम, तलब र सुविधा नदिएको स्वदेश फर्काइएका केही युवाहरूको दाबी छ । तर साउदीस्थित कम्पनी अल बदर इन्टरनेशनल अपरेसन एण्ड मेन्टिनेन्स कम्पनीले वैदेशिक रोजगार विभागका महानिर्देशकलाई सम्बोधन गरी २ जुन २०२२ मा लेखेको पत्रमा कम्पनीले नेपाली कामदारहरूलाई किङ अब्दुल्लाह युनिभर्सिटी फ्रेन्चाईज रेष्टुरेन्ट, अपारेल फेसन लगायतमा काम गर्न प्रस्ताव गरेको तर उनीहरू अन्य कामदारहरूलाई हड्ताल गर्न र काम नगर्न ग्रुपिङ गरेको, अन्य नेपाली कामदारलाई काममा नजान दबाब दिँदा परियोजनाहरू प्रभावित भएको र अकमा तथा अन्य शुल्कहरू तिर्न बाध्य भएको उल्लेख गरेको छ । कम्पनीले रत्नबहादुर अधिकारी कामदार भड्काउने मुख्य व्यक्ति भएको आरोपसमेत लगाएको छ ।

## सीप...

क्षेत्रको परामर्श सेवा तथा तथ्यांकसमेत लिन जरुरी रहेको र यसले एउटा संयन्त्रको समेत माग गरेको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

**Invitation for Bids**

**Subhakalika Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Sukatiya Kalikot**

**Invitation for Bids No: SRM/KKT/W/NCB/03/2078-2079**
**Date of publication: 2079/02/27(June 10, 2022)**

1. Subhakalika Rural Municipality Office, Sukatiya Kalikot electronic bids from Nepalese eligible bidders for the construction of Rarakatiya Industrial Village Construction Work under National Competitive Bidding procedures.

| S.N | Contract Identification Number/Goods Description | Bid Security Amount (NRs) | Estimated Amount with VAT(NRs) | Bid Document Fee(NRs) |
|---|---|---|---|---|
| 1 | SRM/KKT/W/NCB/03/2078-2079 Rarakatiya Industrial Village Construction Work | 220000 | 8832000 | 3000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documentsat the office of Subhakalika Rural Municipality Office, Sukatiya Kalikot or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder chooses to submit their bid electronically may purchase the bidding documents download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of Bank :-Agricultural Development Bank limited**
   **Name of Office:-Subhakalika Rural Municipality**
   **Office Code no :- 801066504 Rajaswo Account no :-0725901535669050**
4. Pre-bid meeting shall be held at Subhakalika Rural Municipality Office, Sukatiya Kalikot at 8 AM, 2079/03/20.
5. Electronic bids must be submitted to the office Subhakalika Rural Municipality Office, Sukatiya Kalikot through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 hrs on (2079/03/27) July 11, 2022. Bids received after this deadline will be rejected.
6. Electronic bids will be opened in the presence or absence of Bidders' representatives who choose to attend at 13:00 hrs. on (2079/03/27), July 11, 2022. at Shubhakalika Rural Municipality Office, Sukatiya, Kalikot. Bid validity period and Bid security validity period for bids shall be 90 days and 120 days from bid opening date If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. If bidder wishes to submit the Bid Security in the form of cash for amount 220000, bidder has to deposit cash in Deposit Account no : 0725901535669042 Subhakalika Rural Municipality Office, Sukatiya, Kalikot and Name of Bank :- Agricultural Development Bank limited and submit bank deposit voucher along with the bid.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever

**Chief Administrative Officer**

### प्रधानमन्त्री र मेयरबीच भेटवार्ता

# बञ्चरेडाँडाको विवाद सुल्झाउन आज वार्ता



**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवा र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाह (बालेन्द्र) बीच भेटवार्ता भएको छ । प्रधानमन्त्री देउवाले महानगरका प्रमुख शाहलाई बोलाएर काठमाडौंको उपत्यकाको फोहोर व्यवस्थापनका विषयमा जानकारी लिएका हुन् ।

भेटमा काठमाडौंको फोहोर व्यवस्थापनका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बञ्चरेडाँडका स्थानीयवासी र जनप्रतिनिधिसँग पनि छलफल गरेर दीर्घकालीन समाधान खोज्न प्रधानमन्त्री देउवाले आग्रह गरेका छन् ।

यसैगरी स्थानीय सहमतिबेगर काठमाडौंको फोहोर बञ्चरेडाँडामा फालेपछि उत्पन्न विवाद सुल्झाउन सरकार र आन्दोलनरत समूहबीच आज वार्ता हुने भएको छ । वार्तामा सरकार तर्फबाट सहरी विकास मन्त्री रामकुमारी झाँक्री, आन्दोलनरत संघर्ष समितिका संयोजक श्रीराम ढुंगाना, फोहोरमैलाबाट प्रभावित नुवाकोट र धादिङका वडाध्यक्ष, नुवाकोटका कांग्रेस नेता प्रकाशशरण महत लगायत सहभागी हुने छन् ।

सहरी विकास मन्त्रालयले सोमबार नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनिबेसी नगरपालिका प्रमुखलाई मात्र राखेर बञ्चरेमा फोहोर फाल्ने सम्झौता गरेको थियो । सम्झौता हस्ताक्षर गर्दा स्थानीय बासिन्दालाई संलग्न गराइएको थिएन । आफूलाई सोध्दै नसोधी गुपचुप सम्झौता गरेको भन्दै स्थानीयले मान्न अस्वीकार गरेका थिए । प्रभावित वडाका जनप्रतिनिधिहरूले पनि आपत्ति जनाए ।

यसले मंगलबारदेखि सिसडोल र बञ्चरेडाँडा क्षेत्र तनावग्रस्त बन्यो । सरकारले ठूलो संख्यामा प्रहरी परिचालन गरेर मंगलबार डेढ सयभन्दा बढी ट्रक फोहोर फालेको थियो । बुधबार भने स्थानीयको प्रतिकारपछि फोहोर लिएका गएका गाडीहरू त्यसै फर्किएका थिए ।

# नीति तथा कार्यक्रममा छलफल



**मोरङ/मस–** प्रदेश नं १ प्रदेशसभाको बिहीबारको बैठकमा प्रदेश सरकारका तर्फबाट पेश भएको आर्थिक वर्ष २०७९/८० वार्षिक नीति तथा कार्यक्रममाथि छलफल शुरु भएको छ । छलफलमा प्रदेशसभा विभिन्न सदस्यले बोल्ने क्रम शुरु भएको छ । प्रदेशसभामा प्रमुख प्रतिपक्षी दलका नेता भीमप्रसाद आचार्यले नीति तथा कार्यक्रममा ठोस कार्यक्रम नभएको र यो कर्मकाण्डी हिसाबले आएकाले सच्याउन सदनको ध्यानाकर्षण गराए ।

उनले कृषि, सडक, शिक्षा, स्वास्थ्य, पर्यटन, वनलगायतका क्षेत्रमा हुनपर्ने विकासका सम्बन्धमा क्षेत्रगत हिसाबले नछुट्याएको धारणा राख्दै भौतिक पूर्वाधारको रुपमा रहेको सडक, सिँचाइको निर्माण बिना अन्य विकासका कार्य टिकाउ नहुने भएकाले कार्यक्रममा सुधार गर्नुपर्नेमा जोड दिए । आचार्यले मल, बीउ, सिँचाइ, प्रविधि, कृषिको मुख्य आधार भएकाले यस सम्बन्धमा नीति कार्यक्रममा उल्लेख नभएको चर्चा गर्दै यसले प्रदेशको कृषि उत्पादन २० प्रतिशत कम भई आत्मनिर्भर होइन परनिर्भर बनाउने विचार राखे ।

उनले प्रदेशको नामकरणका लागि नेकपा एमालेले पूर्वमन्त्री हिक्मतकुमार कार्की सयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको र समिति सबै दलका सदस्यसँग छलफल एवं परामर्श गरी नाम टुङ्गो लगाउन पहल गर्ने जानकारी सदनलाई दिए ।

छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य उमिता विश्वकर्माले प्रस्तुत नीति कार्यक्रममा कृषि उत्पादनका लागि 'एक पालिका एक उत्पादन'ले कृषकलाई सक्षम बनाउने विचार राखे । जसमाया गजमेरले भ्रष्टाचार नियन्त्रणको विषय उल्लेख नभएको चर्चा गर्दै महिला हिंसा, बाल विवाह अन्त्यका लागि सचेतना तथा महिलालाई आर्थिक आयआर्जन कार्यमा संलग्न गराउनुपर्ने धारणा राखे ।

प्रदेशसभा सदस्य धीरेन्द्र शर्माले वार्षिक कार्यक्रममा नगदेबाली उत्पादनमा जोड दिनुपर्ने चर्चा गर्दै स्रोत र साधनअनुसार कार्यक्रम रहेकाले सफल हुने विचार राखे । नारायणबहादुर मगरले ताप्लेजुङमा ओभ्रेलमा रहेको फुनफाने झरना, पाथीभरा मन्दिरलगायतका धार्मिक पर्यटकीय क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिए ।

प्रदेससभा सदस्य वसन्तीदेवी यादवले कृषकलाई सहजरुपमा मल र बीउ उपलब्ध गराउने सम्बन्धमा कार्यक्रममा उल्लेख नभएको बताउँदै सबैलाई मान्य हुने प्रदेशको नामका लागि विराट, सगरमाथा वा कोसी राख्नुपर्ने सुझाव दिइन् । प्रदेशसभा सदस्य श्रीप्रसाद मैनालीले सबै जातजातिका गरिबीका रेखामुनि रहेका नागरिकको पहिचान गरी प्रमाणपत्र दिनुपर्ने सुझाव दिँदै इ-रिक्सा सञ्चालनका लागि पालिकालाई सवारी चालक अनुमति वितरणको अधिकार दिनुपर्ने बताइन् । अर्का सदस्य सूर्यमाराज राईले प्रस्तुत नीति कार्यक्रमले विकास र समृद्धिको आधार तय हुने विचार राख्दै विगतको सरकारको कार्यक्रमलाई निरन्तरता दिनु यो सरकारको उदारता रहेको धारणा राखे । प्रदेशसभा सदस्य हीराकुमार थापाले राष्ट्रिय आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको कृषि क्षेत्र उपेक्षित रहेको बताउँदै कृषि उत्पादनको आधारमा अनुदानको व्यवस्था गर्नुपर्ने बताए ।

# आगलागी पीडितलाई सहयोग



**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २६ जेठ

विद्युत सर्ट भइ आगलागी हुँदा घर गुमाएका परिवारलाई अस्थायी टहरा तथा अन्य सामग्री सहयोग गरिएको छ । मेलम्ची नगरपालिका वडा नम्बर ४ थकनी चिलाउनेकी गंगा तामाङको घरमा बुधबार विद्युत सर्टभइ आगलागी भएको थियो ।

आगालागीबाट तामाङको घर पूर्ण रुपमा क्षती हुनुका साथै खाद्यान्न, लत्ताकपडा, नगद, सुन नष्ट भएको थियो । बिहीबार उक्त परिवारलाई थकनिका पूर्व वडा सदस्य एवं नेपाली कांग्रेस सिन्धुपाल्चोक क्षेत्र नम्बर २ का सभापतिका प्रत्यासी कृष्णकुमार तामाङ 'समीर' सहितको टोलिले अस्थायी टहरा निर्माण गरिदिनुका साथै खाद्यान्न, किचन सामग्री, लत्ताकपडा, जुत्ता चप्पल, ओढ्ने,ओछ्याउने लगायत आवश्यक सामग्री सहयोग गरेको हो । वडा सदस्य कमल तामाङका अनुसार गंगा एकल महिला हुन् । उनको श्रीमानको केही महिना अघि क्यान्सरका कारण निधन भएको थियो । गंगाको ९ र १२ वर्षका छोरा र ७ वर्षकी छोरी छन् । सामग्री वितरण गर्दै तामाङले प्रत्येक वडावासीको समस्या र चुनौती आफुहरुको पहिलो प्राथमिकता रहेको बताए ।

वडा बासिका सबैखाले समस्या, आपत विपदको सारथी बन्न नेपाली कांग्रेस हरदम तयार रहेको उनको भनाइ छ । विपदको यो घडीमा पूर्ण रुपले घर जलिसकेको अवस्थामा तामाङको परिवारलाई अस्थायी आवास निर्माणमा सहयोग सम्पुर्ण नेपाली कांग्रेसका स्वयम् सेवक साथीहरु, मेलम्ची नगरपालिका-४ का जननिर्वाचित वडाध्यक्ष संजीव तामाङ, सदस्यय कमल लामा, सञ्च कुमार तामाङ लगायत स्थानीयलाई वडा सदस्य तामाङले धन्यवाद दिए ।

# रोल्पाको लिबाङमा बजार अनुगमन



**सन्दिप खड्का/मध्यान्ह**
रोल्पा, २६ जेठ

रोल्पा नगरपालिका-४ मा बजार अनुगमन गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलको संयोजकत्वमा नगरपालिकाभित्रका विभिन्न १७ वटा पसलहरुमा अनुगमन गरिएको हो । अनुगमनका क्रममा पसलबाट म्याद नाघेका उपभोग्य बस्तुहरु जफत गरी नष्ट गरिएको छ ।

अनुगमन टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेल, रोल्पा नगरपालिका वडा नं. ४ का वडा सदस्य मित्रलाल गुरुङ, घरेलु तथा साना उद्योग समिति रोल्पाका नासु किरण अधिकारी, नेपाल पत्रकार महासघं जिल्ला शाखा रोल्पाका अध्यक्ष नविन लोचन मगर, जिप्रका रोल्पाका लिलाराम खत्री लगायतको सहभागिता रहेको थियो । अनुगमन गर्दा पसलमा भेटिएका पानीपुरी, चिउरा, करेन्ट मसला, सुजी धारा तेल, बदाम जुस हर्लेक्स लगायतका थुप्रै अखाद्य वस्तु नष्ट गरिएको हो ।

# गाउँघर क्लिनिक सञ्चालनमा

**बागलुङ/मस–** सर्वसाधारणलाई घरदैलोमै स्वास्थ्य सेवा दिन गलकोट नगरपालिका-७ मल्मको झिर्कामा गाउँघर क्लिनिक सञ्चालनमा ल्याइएको छ । क्लिनिकको वडाध्यक्ष राजबहादुर थापाले शुभारम्भ गरेका हुन् । मल्म स्वास्थ्यचौकीअन्तर्गत सञ्चालित उक्त क्लिनिकबाट परिवार नियोजन, सुरक्षित मातृत्व, पोषण अनुगमनलगायत प्राथमिक उपचार र परामर्श सेवा प्रदान गरिने स्वास्थ्यचौकी इञ्चार्ज अनिता कार्कीले जानकारी दिए ।

क्लिनिकबाट हरेक महिनाको २५ गते स्वास्थ्य जाँच तथा उपचार सेवा प्रदान हुने उनको भनाइ छ । प्राथमिक उपचार सेवा भने नियमित सञ्चालन हुने जनाइएको छ । क्लिनिकलाई व्यवस्थित र प्रभावकारि रुपमा सञ्चालन गर्नका लागि सात सदस्यीय क्लिनिक सहयोग समितिसमेत गठन गरिएको छ ।

समितिको अध्यक्षमा मीना दर्जी र संरक्षकमा वडाध्यक्ष राजबहादुर थापा रहेका छन् । वडाध्यक्षमा थापा निर्वाचित भएपछि बसेको स्वास्थ्यचौकी व्यवस्थापन समितिको पहिलो बैठकले गाउँघर क्लिनिक खोल्ने निर्णय गरेको थियो ।

स्वास्थ्य सेवाको सहज पहुँचबाट बञ्चित झिर्का, टोकरी र छिमेकी वडा पाण्डवखानी, सिद्धथानका बासिन्दालाई समेत लक्ष्य गरी क्लिनिक सञ्चालनमा ल्याइएको हो । सेवा शुभारम्भ गर्दै वडाध्यक्ष थापाले क्लिनिकलाई छिट्टै सामुदायिक स्वास्थ्य एकाइमा स्तरवृद्धि गर्न पहल गरिने बताए । 'स्वास्थ्यचौकी पायकमा नपर्दा टाढाको भूगोलका जनतालाई स्वास्थ्य सेवा पाउनै कठिन छ', उनले भने, 'सामुदायिक स्वास्थ्य एकाइ बनेमा स्वास्थ्यचौकीसरहकै सेवा दिन सकिन्छ ।'

# नरेठाँटी बजारमा बाढी पस्दा ३५ घर जोखिममा

बागलुङ/मस- बागलुङको गलकोटमा बाढी आउँदा नरेठाँटी बजार उच्च जोखिममा परेको छ । गलकोट नगरपालिका-२ नकटेखोलाको बाढी नरेठाँटी बजारमा पस्दा ३५ घर उच्च जोखिममा परेको वडाध्यक्ष हिमबहादुर भण्डारीले जानकारी दिए । बुधबार साँझदेखि रातभर परेको भीषण वर्षाका कारण जसपुरबाट झरेको पहिरो नकटेखोलमा आउँदा नरेठाँटी बजार उच्च जोखिममा परेको उनको भनाइ थियो । बाढीको त्रासले स्थानीयवासी रातभर जागराम बसेका थिए । नकटेखोलाको कटानले तटीय क्षेत्रका घरसमेत जोखिममा परेको थियो । 'नरेठाँटी बजार नै बाढीको जोखिममा छ, बुधबार साँझदेखि परेको भारी वर्षाले नकटेखोलामा बाढी आयो, यसले यहाँका थुप्रै घर जोखिममा परेका छन्, जसमध्ये उच्च जोखिममा रहेको दुई घरपरिवारलाई सुरक्षित स्थानमा सारेका छौं, अन्य ४३ घर जोखिममा छ' वडाध्यक्ष भण्डारीले भने 'अन्य जोखिममा रहेका घरपारिवारलाई पनि सार्नुपर्ने देखिन्छ ।'

बाढीले महेन्द्र माविको खेल मैदान पुरिएको र विद्यालय समेत जोखिममा परेको छ । रातभर स्थानीयवासीको प्रयास र उपकरण प्रयोग गरी बाढी तर्काउने प्रयास गरिएको थियो अन्यथा बजारनै डुवानमा पर्ने खतरा रहेको वडाध्यक्ष भण्डारीले बताए । नरेठाँटी बजारमाथि जसपुरमा पहिरो गएपछि आएको बाडी बजारमा पसेका कारण केही घरमा क्षति पुऱ्याएको थियो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पकडी शाखा, मायादेवी गाउँपालिका, कपिलवस्तु
सम्पर्क फोन: +९७७-९८५७०५४५११

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री गिरिधारी लोनियाको नाति, विचा लोनियाको छोरा, लुम्बिनी प्रदेश कपिलवस्तु जिल्ला, अभिराव गाउँपालिका वडा नं. ७ हाल मायादेवी गाउँपालिका वडा नं. २ बस्ने ७५ वर्षको श्री भुनु लोनियाको मिति २०७७/१२/१५ (ई.सं. २८/०३/२०२१) मा मृत्यु भएकोले स्व. भुनु लोनियाको छोरा हाल मायादेवी गाउँपालिका वडा नं. २ बस्ने श्री अमिरकन लोनियाले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पकडी शाखा, मायादेवी गाउँपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**मलेसिया र कतारमा रोजगार**

कम्पनी: AMVERTON COVE GOLF & ISLAND RESORT SDN.BHD.
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०२/२६ चलानी नं.: ६०१८०७३७ LT. No.: 264472

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Caddy | 6 | 0 | स. काममा दक्ष | 1500 | ४१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: SHARK FORCE SDN.BHD
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०२/२६ चलानी नं.: ६०१८०७३६ LT. No.: 264472

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: NILDA BEAUTY SALON
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०२/२६ चलानी नं.: ६०१८०७३८ LT. No.: 264534

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MASSEUR | 0 | 3 | स. काममा दक्ष | 1700 | ५७,७८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: AL DOHA MAINTENANCE & SERVICES CENTRE WLL
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/१८ चलानी नं.: ६०१५९७०६ LT. No.:240539 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.**
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोन: ४९८८७५४, ४९८८७५५, Pokhara : 061-553158, 9806544044, 9804102913
Butwal : 071-541534, 9857077872, Birtamod : 023-534105, 9806091708, 9805356540
E-mail : info.pukaragency@gmail.com
श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६

**हूलाकी राजमार्ग निर्देशनालय, टेकू काठमाडौंको बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०७९।०२।२७**

मिति २०७९/०१/०५को नागरिक दैनिक पत्रिकामा प्रकाशित यस कार्यालयको बोलपत्र आव्हानको सुचना नं. ०५/०७८/०७९ मा उल्लेखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राबिधिक मुल्यांकनमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु तपसिल बमोजिम रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मुल्याकिंत सारभुत रुपमा प्रभावग्रही बोलपत्रदाताको नाम/ ठेगाना | कबोल अंक रु. (मु.अ.कर र पि.एस. समेत) |
|---|---|---|---|---|
| १ | HRP/337011284/ 078-79/BC-016 | Jallad Khola Multicell Box Culvert along Kadamchowk-Kamala Road | Sugam Nirman Sewa Pvt. Ltd., Mahendranagar-1, Sakhuwa | 6,04,21,213.71 |
| २ | HRP/337011284/ 078-79/BC-017 | Jallad Khola Multicell Box culvert along Janakpur-Yadukuha Road. | Sugam Nirman Sewa Pvt. Ltd., Mahendranagar-1, Sakhuwa | 6,04,65,251.78 |

**आयोजना निर्देशक**

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
इटहरी सुनसरी

**बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धिको सूचना**

**प्रकाशित मिति २०७९।०२।२७**

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार रीतपुर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताब छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (शंसोधन सहित) नियम ३१ (ङ) ५ अनुसार तपशिल अनुसारको मिति र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | आयोजनाको नाम एवं ठे.नं. | प्राविधिक प्रस्ताबबाट सारभुतरुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताब खोल्ने स्थान,मिति र समय |
|---|---|---|---|
| १ | Construction of Janta Secondary School, Itahari Sunsari ITR/NCB/51w/078/079 | १ आशिर्वाद निर्माण सेवा<br>२ अभियान/आदर्श/दिविशा जेभी<br>३. ब्राइटबुल निर्माण सेवा<br>४. गिरी कन्स्टक्शन प्रा.लि.<br>५. खान बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.<br>६. शाह/मनन जेभी<br>७. स्वामिनारायण निर्माण सेवा प्रा.लि | इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>मिति : २०७९।०३।०३<br>समय : दिउसो १ बजे |

मध्यान्ह
www.madhyanhadaily.com
२७ जेठ २०७९, शुक्रबार
10 June 2022, Friday

सम्पादकीय

## कसको र कस्तो विश्वविद्यालय ?

मुलुकको पुरानो र ठूलो त्रिभुवन विश्वविद्यालयमा ताला लागेको पाँच महिना बढी भयो। सत्तारूढ दल नेपाली कांग्रेस निकट विद्यार्थी संगठन नेवि संघले लगाएको ताला अझै खुलेको छैन। त्रिवि नखुल्दा कर्मचारीले कार्यालय बाहिर काम गरिरहेका छन् भने शैक्षिक कार्यक्रम प्रभावित बनेको छ। तर ताला खुलाउन तत्परता देखाइएको छैन। त्रिविमा लागेको ताला संसदकै विषय बनिसकेको छ। नेकपा एमालेका सांसद भीम रावलले त्रिविको ताला खुलाउन सरकारले आवश्यक ध्यान नदिएको आक्रोश प्रतिनिधिसभा बैठकमा उठाएका छन्। अन्य सांसदहरूले पनि यो विषय उठाएका छन्। तर प्रधानमन्त्री शेरबहादुर देउवा र विभागीय मन्त्रीले यसबारे कुनै चासो देखाएका छैनन्। आफू सभापति रहेको दल कांग्रेस निकट विद्यार्थी संगठनको अराजक र गैरजवाफदेही कदमप्रति उठेको आवाज झिनो छ।

विद्यार्थी संगठनले विश्वविद्यालयबारे प्रश्न उठाउन सक्छन्, यो लोकतान्त्रिक अधिकार हो। आफ्ना माग सुनुवाइ नहुँदा शान्तिपूर्ण आन्दोलनको अधिकार संविधानले नै दिएको छ। तर यति लामो समय ताला लाग्नु, सरकारले यसबारे आवश्यक निर्णय नलिनु र त्रिवि नेतृत्वको पहल कदमी समेत कमजोर देखिनुले मुलुकको शिक्षा क्षेत्रको अवस्थाबारे भने गम्भीर प्रश्न उठ्छ। भनिन्छ– देशको अवस्था त्यहाँको विश्वविद्यालयले प्रतिनिधित्व गर्छन्। अर्थात् त्रिविमा देखिएको दृष्यले मुलुकको शिक्षाको अवस्था जर्जर र गैरजवाफदेही रहेको बुझाउँछ। अर्कातिर विद्यार्थी संगठनहरूले आफ्नो माग पूरा गराउन विश्वविद्यालय नै बन्धक बनाउन तयार हुने गैरजिम्मेवारपन समेत उजागर हुन्छ।

विश्वविद्यालयहरू सम्मानित र विश्वासनीय बनाउन नसकिएको प्रमाण अमृत कलेजका उपप्राध्यापक माथि आक्रमण हुनुले पनि उजागर हुन्छ। एमाले निकट अखिलका कार्यकर्ताले कलेजका उपप्राध्यापकमाथि आक्रमण गरेको जनाइएपछि त्यसबारे तत्काल आवश्यक कार्बाही प्रक्रिया हुनुपर्ने हो। तर त्यस्तो तदारूकता सत्तासीनमा नदेखिनुले बारम्बार विश्वविद्यालयमा अराजक गतिविधि हुने गरेको छ। केही समय अगाडि आरआर क्याम्पसका प्राध्यापक र त्रिविकै प्राध्यापकमाथि आक्रमण भएको थियो। ती आक्रमणकारी माथि कानूनी कार्बाही सशक्त ढंगले गरिएका थिए भने विद्यार्थीबाट आक्रमण हुने घटना हुने थिएन। तर त्यसो नहुँदा ज्ञानको भण्डारमा बल प्रयोगका घटना भइरहेका छन्। गैरजिम्मेवार बनेर महिनौ विश्वविद्यालयमा ताला लाग्नुले पनि त्यही जनाउँछ। यसले मुलुकको विश्वविद्यालयकै दुर्दशा समेत दर्शाउँछ, त्यसैले सम्बन्धित निकायको ध्यान जान जरूरी छ।

# फेरिएको व्यवस्था र जनताका समस्या

*विश्व अर्थतन्त्रलाई प्रभाव पार्ने नेपालका दुई ठूला छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदर एकातिर १० प्रतिशत र अर्कोतिर ८ प्रतिशत छ। तर, हाम्रो अवस्था भने निकै दयनीय छ। गरिबी र बेरोजगारीका क्षेत्रमा यी मुलुकहरूले ठूलो प्रगति हासिल गरिसक्दा पनि हामी हेरेर बस्ने अवस्थामै छौं।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

चुनावबाट केही युवाहरु जुझारु रुपमा आउन लागेका छन्। नयाँ जिम्मेवारी लिएर, देशलाई हामी जिम्मा लिन्छौँ भन्दैछन्। तर, पुरानो पुस्ता त्यसमा सहमत देखिन्नन्,। उनीहरु राजनीतिमा आफ्नो सिण्डिकेट कायमै राख्न चाहन्छन्। पछिल्लो समय हलो, लौरो वा स्वतन्त्र चुनावी चिह्नले केही आशा बोकेको देखिन्छ तर, तिनको सांगठनिक पक्ष कमजोर छ। नजाने धर्ती माताले एकपल्ट फेरि परिवर्तन नै चाहेको हो कि, दलहरुलाई सच्चिने इशाारा हो कि, गणतन्त्रलाई निर्देश पनि होला।

यहाँ श्रमिक, भनौं मजदूरहरु मात्रै होइन आत्तिनेहरु लाखौं छन्। विभिन्न तप्कामा, दिनदिनै कमाएर खाने वर्गलाई हप्तामै हुने लामा लामा बिदाहरुले सकस पारेको छ। आफू अघाएको संकेत गर्दै देशले सार्वजनिक बिदा, अध्ययन बिना नै थप गरेको छ र त धेरैले विरोध मात्रै होइन कार्यालय खोल्ने घोषणा पनि गरेका छन्। भोकाहरुको पेटको आकंलन नगरी घोषणा गरिएको बिदाबारे सर्वत्र बिरोध छ। देशमा सरकारले श्रमिक बैंकको स्थापना गऱ्यो, तर कोरोनाका नाममा बेरोजगारी बढे, मात्रै होइन, देशैभरि गरिबीको मार थपियो। गणतन्त्रको शुरुवाती चरणदेखि नै नेपालीहरु विदेशीको भाँडा माझ्न वा भेडा चराउन लामबद्ध भए। उनीहरुले पठाएको पैसाले यहाँ संघीयता र गणतन्त्र पालियो। नेतृत्वमा रहनेले खर्च देखाए, भ्यूटावर ठड्याए, तर कृषि उत्पादन बढाउने कार्यक्रम ल्याएनन्। देशमा अत्यावश्यक सामान पनि विदेशबाट ल्याउनु पर्ने अवस्था बन्यो। अब भारतले गहूँ निकासीमा समेत रोक लगाएको छ। चाडपर्व धान्न मात्र होइन हरेक दिनका सरसामग्रीहरु आयात नै गर्नु परेको छ र त्यो आयात भएको भन्सार महसूलबाट सरकारले अर्थ नीति सन्चालन गरेको छ भनौं आधा राजस्व भन्सार सामग्रीको आयातबाटै छ। अब त विप्रेषण पनि घटेको छ र विदेशी मुद्रा पनि। तर नेताजीहरुको सुविधा घटेको छैन, दर्जनौं सुरक्षाको ताँती, हेलिकप्टरको सयर, उपचारमा विदेश, मरणोपरान्त संस्था खोली राज्यकोषको दोहन, बाँचुन्जेलको राज्य ढुकुटीको मस्ती, जनताले रोग, भोग र शोक, दैनन्दिन पीडाबाट टाढा रहन नसकेको अबस्था छ।

चुनाव सकियो। देशैभरि महँगी बढ्यो। बजेट आउँछ देशैभरि महँगी बढ्छ। विदेशमा साधारण समस्या आउँछ यहाँ भान्सा बन्द हुन्छ। एक घण्टामा हाहाकार भइहाल्छ। देशमा उच्च आर्थिक वृद्धि, काम र रोजगारीको सिर्जना, सामाजिक सुरक्षा कार्यक्रम र सहुलियतपूर्ण कर्जाका कारण गरिबी घटेको भनियो, तर घटेन गरिबी। सरकारले पन्ध्रौं योजनामा २०८७ सालसम्ममा देशको गरिबी ५ प्रतिशतमा झार्ने लक्ष्य लिइयो, र वि सं २१०० सम्ममा त गरिबी उन्मूलन नै हुने बताइयो। तर हाल झण्डै ५० लाख नेपाली गरिबीको रेखा मुनि छन्। जनसंख्याको १६ दशमलव ६७ प्रतिशत नेपाली गरिबीमा देखाइए पनि यो संख्या १८ प्रतिशतभन्दा माथि छ, जनसंख्या ३ करोड छ। गणतन्त्रको संयन्त्र धेरै ठूलो छ, धान्नै नसक्ने त्यो पनि निस्क्रिय। चुनावले देखायो हाम्रो संयन्त्र कस्तो छ भनेर। खसेको मतभन्दा बढी गिन्ती, मोरंगको कानेपोखरीमा।

दुई तिहाई दम्भी सरकारले डबल डिजिटको आर्थिक वृद्धि भनिरहँदा माइनस भयो। त्यसपछि ७ प्रतिशत भनिरहँदा अन्तर्राष्ट्रिय एजेन्सीहरुले ३ प्रतिशत तिरको वृद्धिदर आकंलन गरेका छन् भने श्रीलंका र पाकिस्तानपछिको न्यून आर्थिक वृद्धिको आकंलन बाह्य एजेन्सीहरुले गरेका छन्। वितरणमुखी बजेट, देशको भन्दा दलको आवश्यकताले कार्यक्रम राखिने, अनुगमन संयन्त्र कमजोर, बढी बेरुजु र सामाजिक खर्चमा भएको बढोत्तरीले चालु खर्चमा अत्याधिक वृद्धि भएको छ भने पूँजीगत खर्चमा कमी र भएको खर्च पनि असारे, टाल्टुले र माटो छोप्ने विकास भएको छ। राजनैतिक व्यक्तिहरुको सुबिधा बढेको बढ्यै हुने, कोरोनाले थपेको गरिबी, देशमा हरेक वर्ष ५ लाख श्रमयोग्य जनसंख्या श्रम बजारमा आउने तर, तिनको व्यवस्थापन गर्न सकिएको छैन। अर्बौं खर्चिएको प्रधानमन्त्री रोजगार कार्यक्रमले औसत २ हप्ता काम दिन सकेको छैन। त्यो पनि आसेपासे र बगैंचा सजाउनेमा मात्र भएको छ।

अभियुक्त राई यसअघि विभिन्न समयमा हातहतियार खरखजना, बैकिङ कसुर तथा कर्तव्य ज्यान मुद्दामा पक्राउ परी कारवाही गरिएका व्यक्ति हुन् । अनुसन्धानमा उनी मिडियाको आवरणमा जनताको सुसूचित हुन पाउने अधिकारलाई समेत तोडमरोड गर्दै आतंक मच्चाएर आर्थिक उपार्जन गर्ने उद्देश्य राखेको खुल्न आएको छ ।

# भक्तपुरमा मनसुन तयारी प्रतिकार्य योजना लागू




भक्तपुर/मस- मनसुन शुरु भएसँगै भक्तपुर जिल्लामा सम्भावित विपद् व्यवस्थापनलाई मजबुद बनाउन मनसुन प्रतिकार्य योजना लागू गरिएको छ। प्रमुख जिल्ला अधिकारी एवं विपद् व्यवस्थापन समितिका अध्यक्ष रुद्रादेवी शर्माको अध्यक्षता जिल्लाका चार नगरपालिकाका प्रमुख, सुरक्षा निकायका प्रमुख एवं सरोकारवाला निकायको संयुक्त बैठकले प्रतिकार्य योजना लागू गर्ने निर्णय गरेको हो ।वर्षामा बाढी, पहिरोलगायत विपद्का जोखिम बढ्ने भएकाले जिल्लाका चारवटै स्थानीय तह (भक्तपुर, मध्यपुरथिमि, सूर्यविनायक र चाँगुनारायण नगरपालिका)मा विपद्को जोखिम रहेका ठाउँहरू पहिचान गर्ने र विपद् परेमा आश्रय लिने ठाउँ खोजी गरी तयारी अवस्थामा राख्ने प्रजिअ शर्माले जानकारी दिए ।

यहाँका सबै नगरपालिका प्रमुखले आ-आफ्नो नगरपालिका क्षेत्रमा विपद् जोखिम क्षेत्र पहिचान गरेर विपद् रोकथामका कार्य गर्ने, विपद् परेमा आश्रयस्थलको व्यवस्था गर्ने, उद्धारका लागि आवश्यक औजार एवं जनशक्ति तयारी अवस्थामा राख्ने सहमति भएको भन्दै प्रजिअ शर्माले विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा रहेको बताए ।

उनले सुरक्षा निकायका प्रमुखहरूलाई सुरक्षा निकायसँग रहेको उद्धारका सम्पूर्ण सामग्री बोट, साबेल, डोरी, लाइफ ज्याकेटलगायत अन्य आवश्यक सामग्री तयारी अवस्थामा राख्नसमेत निर्देशन दिए ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रमुखहरूले खोज तथा उद्धारका सामग्री एवं तालिमप्राप्त जनशक्ति सबै तयारी अवस्थामा राखिएको उल्लेख गरे ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापा र चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले आफ्ना क्षेत्रका लागि आवश्यक पर्ने खोज तथा उद्धारका सामग्री तयारी अवस्थामा राख्ने र आवश्यक जनशक्ति पनि तयार गर्ने जानकारी दिए ।

वर्षायाममा मुख्यगरी भक्तपुर र मध्यपुरथिमि नगरपालिकाका नदी आसपास क्षेत्र डुबानको चपेटामा पर्दै आएको छ भने सूर्यविनायक र चाँगुनारायण नगरपालिकाको ग्रामीण एवं पहाडी क्षेत्र पहिराको जोखिममा पर्दै आएको छ। चाँगुनारायण र सूर्यविनायक नगरपालिका क्षेत्रमा अत्यधिकरूपमा अवैध जग्गा खण्डीकरण एवं प्लटिङ रहेकाले पहिराको जोखिम बढेको नगरप्रमुखहरूको गुनासो थियो ।

चाँगुनारायणका प्रमुख खत्रीले अवैधरुपमा सञ्चालित जग्गा प्लटिङदेखि जग्गा सम्याउने बाहनामा जथाभावी डोजर लगाउने, सार्वजनिक जग्गा अतिक्रमण गर्ने क्रम अत्यधिक रहेकाले यसलाई रोक्न आफूले पहल सुरु गरेको बताउँदै यसमा प्रहरी प्रशासनको प्रभावकारी साथ र सहयोग जुटाइदिन आग्रह गरे । जथाभावी डोजर लगाउँदा यहाँका बस्ती नै जोखिममा परेको भन्दै यसलाई रोक्न अत्यावश्यक भएको उनले बताए ।

प्रजिअ शर्माले सार्वजनिक सम्पत्ति रक्षा गर्न, अतिक्रमणमा परेको सार्वजनिक जग्गा फिर्ता गर्न, सरकारी निकाय रहेका स्थानको सार्वजनिक सम्पत्तिको निस्सा सङ्कलन गर्न, नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको सार्वजनिक जग्गा र सम्पत्तिको विवरण सङ्कलन गरी दुरुस्त राख्न, अवैधरुपमा ढुङ्गा, माटो, बालुवाखानी सञ्चालनलाई तत्काल रोक्न र जग्गा खण्डीकरण रोक्न निर्देशन दिए ।

नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय**
**चाकुपाट, ललितपुर**

**मदन भण्डारी राजमार्ग अन्तर्गत घर्तिगाउँ-पातिहाल्ने - बागचौर सडकखण्ड (३८ कि.मी.) को नयाँ निर्माण तथा स्तरोन्नतिको आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्बजनिक सुचना**

**प्रकाशन मितिः २०७९/०२/२७**

लुम्बिनी प्रदेश, रोल्पा जिल्लाका माडी गाउँपालिका र गंगादेव गाउँपालिका तथा कर्णाली प्रदेश, सल्यान जिल्लाका बागचौर नगरपालिका र छत्रेश्वरी गाउँपालिकामा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट, ललितपुर |
| **प्रस्तावको व्यहोरा** | मदन भण्डारी राजमार्ग अन्तर्गत घर्तिगाउँ पारिवाङ, भित्तावाङ, पिपलबोट, ओटावाङ, मेलडाँडागाउँ, भुर्ती, मेवाङ, सुखाओडार, झाक्रीखर्क, जिनावाङ, गुराँसे, जालेखार्क, पालाटे, धानबोट, गैरी, खत्रीगाउँ, गैरागाउँ, केराथाना, कोटमौला हुदैं बागचौर सम्मको ३८ कि.मी. सडक नयाँ निर्माण तथा स्तरोन्नति आयोजना (कालोपत्रे)<br>**सुरु बिन्दु** – माडी गाउँपालिका २, घर्तिगाउँ<br>**अन्तिम विन्दु**– बागचौर नगरपालिका २, बागचौर क्षेत्राधिकार (राइट अफ वे) ५० मि. (२५/२५ मि. दुवैतिर)<br>**फर्मेसन चौडाई** : नाली बाहेक ९ मि **केरियज वे चौडाई** : ७ मि. **शोल्जरः** १/१ मि. दुवै तर्फ |
| **प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड** | रोल्पा जिल्लाको माडी गाउँपालिका १ र २; गंगादेव गाउँपालिका १ र ३<br>सल्यान जिल्लाको बागचौर नगरपालिका २, ८ र ९; छत्रेश्वरी गाउँपालिका १ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्वन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जौविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणालि र आर्थिक प्रणालिमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./ गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगनामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगनाः**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय<br>चाकुपाट, ललितपुर<br>फोनः ०१-५२६०१७४<br>ईमेलः mabhpd@dor.gov.np | नेपाल सरकार- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं<br>फोनः ०१-४२११७३२/४२११९३१/४२११६०३<br>ईमेलः EmailM info@mopi.gov.np<br>वेबसाइटः www.mopit.gov.np | शब्द ईन्जिनियर्स ग्रुप प्रा. लि.<br>काठमाण्डौ -११, बबरमहल<br>फोन :९७७-९८४६२६८०२४<br>ईमेल :sabdaengineersgroup@gmail.com |

नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**योजना तथा अनुगमन महाशाखा**
**योजना, अनुगमन तथा मूल्यांकन शाखा**
**पाटनढोका, ललितपुर**

**विप्लाटे - विगुटार-विल्डु- सेल्पी- श्रीचउर-चम्पादेवी (ककनी)- कोशदह सडक खण्ड (६४.९१५ कि. मि.), ओखलढुङ्गा स्तरोन्नति तथा नयाँ निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सुचना**

**प्रकाशित मितिः २०७९/०२/२७**

प्रदेश नं. १, ओखलढुङ्गा जिल्ला, सिद्धिचरण नगरपालिका, मोलुङ गाउँपालिका, चम्पादेवी गाउँपालिका र सुनकोशी गाउँपालिकामा योजना, अनुगमन तथा मूल्यांकन शाखा, योजना तथा अनुगमन महाशाखा, सडक विभागद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | योजना, अनुगमन तथा मूल्यांकन शाखा, योजना तथा अनुगमन महाशाखा, सडक विभाग<br>पाटनढोका, ललितपुर, नेपाल |
| **प्रस्तावको व्यहोरा** | विप्लाटे- विगुटार-विल्डु- सेल्पी- श्रीचउर-चम्पादेवी (ककनी)- कोशदह सडक खण्ड (६४.९१५ कि. मि.), ओखलढुङ्गा आयोजना (स्तरोन्नति तथा नयाँ निर्माण)<br>**सुरु बिन्दु**– सिद्धिचरण नगरपालिका- ७, विप्लाटे<br>**अन्तिम विन्दु**– सुनकोशी गाउँपालिका- ९, कटुन्जे क्षेत्राधिकार (राइट अफ वे) ३० मि. (१५/१५ मि. दुवैतिर)<br>**फर्मेसन चौडाई** : नाली बाहेक ९ मि **केरियज वे चौडाई** : ७ मि.<br>**शोल्जरः** १ मि **प्रस्तावित सतह** – कालोपत्रे |
| **प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड** | **ओखलढुङ्गा जिल्ला**<br>सिद्धिचरण नगरपालिका -७, मोलुङ गाउँपालिका - ३, ५, ६, ७, ८<br>चम्पादेवी गाउँपालिका- ९ र ४, सुनकोशी गाउँपालिका - ९ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिबेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाब पर्दछ भनि या यकिन गर्न सो स्थानको ग.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्वजनिक प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगनाः**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| योजना अनुगमन तथा मूल्यांकन शाखा, योजना तथा अनुगमन महाशाखा<br>सडक विभाग, चाकुपाट, ललितपुर<br>फोनः ०१-५००५५२४<br>ईमेलः pmeu@dor.gov.np | नेपाल सरकार- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>फोनः ०१-४२११७३२/४२११९३१/४२११६०३<br>ईमेलः info@mopit.gov.np | बिम कन्सल्ट्याट प्रा. लि.<br>ललितपुर -०१, सानेपा<br>फोनः ०१-५५३२७८३<br>ईमेलः beamconsultant@gmail.com |

**साउदीमा रोजगारको अवसर** | कम्पनी : GARDEN FORMATION INSTITUTION FOR DESIGN
शहरः ZULFI

पुर्व स्वीकृत मितिः २०७९/०२/२५ चलानी नं.: ६०१८०६९६ L.T. No.: 264541

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ironsmith | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason General | 1 | 0 | | 1200 | ३९,६९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. ४९५/०६१/०६२
**अल-समित म्यानपावर प्रा. लि.**
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्सः नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

**साउदीमा वैदेशिक रोजगारको अवसर**
१. कम्पनीः SAMIRA OBAID ABDULLAH AL SAYED RESTAURANT TO SERVE MEALS शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/२६ चलानी नं.: ६०१८०७१६ LT. No.: 264454

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ६६०/०६३/०६४
**कोड इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
घर नं.: १३८, सुरुचिमार्ग, नयाँबानेश्वर, काठमाण्डौ, नेपाल
फोनः ४७८५८७५, ४७८२२४०, ९८०११२६८४२,
Email: admin@codehrnepal.com | Url www.codenepal.com.np

**युएईमा रोजगार** | कम्पनी : NESMAT AL AIN GENERAL MAINTENANCE EST
शहरः ABU DHABI

पूर्व स्वीकृत मितिः २०७९/०२/२६ चलानी नं.:६०१८०६९५ LT. No.:264619

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 5 | स. काममा दक्ष | 1000 | ३३,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Intermanagement Manpower Services Pvt. Ltd.**
Gongabu-4, Kathmandu, Nepal, Tel: +977-1-4364208, Fax: +977-1-4353465
E-mail: widehorizon@wlink.com.np | Website: www.widehorizon.com.np
Govt. Lic. No. 438/060/061

**साउदीमा रोजगार** | कम्पनी : TALAL MASSAD SAUD AL- OTAIBIE CONTRACTRING COMPANY
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०२/२५ चलानी नं.: ६०१८०६८१ L.T. No.:264349

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५९,५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
**द लिङ्क फर रिक्रुटमेन्ट कन्सल्टटेन्सी प्रा. लि.**
(यूशो ग्लोवल सर्भिस नेपाल प्रा. लि.)
धुम्बराही, काठमाडौं, फोन : ४४२२२७६, ४४२२२८६, मो.: ९८४६८८८२५१, ९८४१२३२६७४, ९८०१८८६७३३, ९८४१२३२६७४
Email : globalyusho@gmail.com

**मलेसियामा रोजगार** | कम्पनी : APOLLO FOOD INDUSTRIES (M) SDN.BHD.
शहरः JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०२/२६ चलानी नं.: ६०१८०७२५ L.T. No.:264693

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 23 | 0 | स. काममा दक्ष | 1500 | ४२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Elmira Manpower Service Pvt. Ltd.**
P .Box: 9883, Basundhara, Kathmandu, Nepal
Tel: 014963814/ 015909815, Fax : 4016788,
Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com
License No.: 1067/073/074

यस मेनपावर कम्पनीको लागि Documentaion २ जना महिला र Receptionist १ जना आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा सहित मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला । तलब अनुभव अनुसार हुनेछ ।

# भारतमा जुलाई १८ मा राष्ट्रपतीय निर्वाचन हुने



**काठमाडौं/एजेन्सी-** भारतमा १६औँ राष्ट्रपति चयनका लागि यही जुलाई १८ मा निर्वाचन हुने भएको छ। त्यसको मतगणना भने जुलाई २१ देखि मात्रै हुने निर्वाचन आयोगले बिहीबार जानकारी दिएको छ।

प्रमुख निर्वाचन आयुक्त राजिव कुमारले पत्रकार सम्मेलनमा भने, 'नयाँ राष्ट्रपति चयनका लागि प्रक्रिया शुरु भइसकेको छ। वर्तमान राष्ट्रपतिको कार्यकाल नसकिँदै नयाँ राष्ट्रपति निर्वाचित भइसक्नुहुनेछ।'

भारतका वर्तमान राष्ट्रपति रामनाथ कोभिन्दको कार्यकाल यही जुलाई २४ मा सकिने भएकाले नयाँ राष्ट्रपति चयनका लागि निर्वाचन हुन लागेको हो। राष्ट्रपति चयनका लागि एक सांसदको मतभार ७०० हुने संवैधानिक व्यवस्था रहेको छ। मतदाता अन्तर्गत पर्ने व्यक्ति निलम्बीत भएको वा कारागारमा छ भने उनीहरूलाई प्रक्रिया पुरा गरेर मतदान गर्न पाइने व्यवस्था छ।

राष्ट्रपतिका लागि उम्मेदवारी दर्ता यही जुन २९ मा गर्नुपर्ने गरी निर्वाचन तालिका बनाइएको निर्वाचन आयोगले जनाएको छ। उम्मेदवारको अन्तिम नामावली प्रकाशन भने जुलाई २ मा मात्रै हुने भएको छ।

अहिले सन् २०२२ मा राष्ट्रपति निर्वाचनका लागि चार हजार ८०९ 'इलेक्ट्रोरल' मत रहेको र उनीहरूलाई कुनै राजनीतिक दलले 'ह्विप' जारी गर्न नसक्ने पनि प्रमुख आयुक्त कुमारले जानकारी दिए।

# युरोपमा शरणार्थीको रूपमा झन्डै ५० लाख युक्रेनीको निवेदन



**काठमाडौं/एजेन्सी-** रूसले चार महिना पहिले आक्रमण शुरु गरेदेखि नै युरोपभर झण्डै पाँच लाख युक्रेनी शरणार्थीको रूपमा दर्ता भएको संयुक्त राष्ट्रसंघले बिहीबार जनाएको छ। संयुक्त राष्ट्र शरणार्थी निकाय युएनएचसिआरले भनेको छ, 'युक्रेन युद्धले विश्वकै सबैभन्दा ठूलो मानव विस्थापन संकट निम्त्याएको छ।'

युक्रेनी स्थितिको बारेमा एजेन्सीको डेटा पोर्टलमा अद्यावधिक तथ्यांकले युद्धग्रस्त यूक्रेनबाट कूल ४८ लाख १६ हजार ९२३ युक्रेनी शरणार्थीको रूपमा दर्ता भएको देखाएको छ। युएनएचसिआरको तथ्यांकले यूक्रेनबाट ७३ लाखभन्दा बढी व्यक्ति जून ७ सम्ममा सीमा पार गरेको रेकर्ड गरिएको छ। उक्त तथ्यांकले देखाएअनुसार अर्को २३ लाखभन्दा बढी मानिसहरू स्वदेश फिर्ता भएका छन्।

विदेश पलायन भएकामध्ये ९० प्रतिशत महिला र बालबालिका रहेको राष्ट्रसंघले बताएको छ। १८ देखि ६० वर्ष उमेर समूहका पुरुष सैनिक सेवाका लागि योग्य छन् र त्यहाँबाट जान सक्दैनन्।

युक्रेनबाट भागेकाहरूबाहेक संयुक्त राष्ट्रसंघको अन्तरराष्ट्रिय बसाइँ सराइ संगठनले अनुमान गरेअनुसार ८० लाखभन्दा बढी मानिसहरू यस आक्रमणसँगै स्वदेशमा नै विस्थापित भएका छन्।

युक्रेनबाट बाहिर निस्केका आधाभन्दा बढी छिमेकी पोल्याण्डमा आएका छन्। पोल्याण्डमा ३८ लाख मानिसहरूले शरण लिएकोमा झण्डै आधा व्यक्ति स्वदेश फर्किएका छन्।

युएनएचसिआरले पोल्याण्डमा ११ लाख ५० करोड युक्रेनीले शरणार्थीको रूपमा नाम दर्ता गरेको बतायो। पोल्याण्डबबबाहेक हंगेरी, रोमानिया, स्लोभाकिया र मोल्डोभाजस्ता अन्य छिमेकी देशहरूमा पनि सयौं हजार मानिसहरू प्रवेश गरेका छन्। ती प्रत्येक देशमा हजारौंले शरणार्थीले शरणार्थीका लागि आवेदन दिएका छन्।

युरोपका अन्य देशहरू, जर्मनीमा झन्डै सात लाख ८० हजार, चेक गणतन्त्रमा झन्डै तीन लाख ६७ हजार र स्पेनमा एक लाख १८ भन्दा बढी युक्रेनीले शरणार्थीका रूपमा आवेदन दिएका छन्। अन्य युरोपेली देशहरूमा पनि हजारौं शरणार्थीले निवेदने दर्ता गरेका छन्।

# थाइल्याण्डले गाँजामाथिको प्रतिबन्ध हटायो



**काठमाडौं/एजेन्सी-** थाइल्याण्डले गाँजालाई प्रतिबन्धित लागुऔषधको सूचीबाट हटाएको छ। कृषि र पर्यटन क्षेत्रको प्रवर्द्धनमा सहयोग पुग्ने भन्दै थाइल्याण्डले गाँजामाथिको प्रतिबन्ध हटाएको हो। बीबीसीका अनुसार गाँजामाथिको प्रतिबन्ध हटाउने थाइल्यान्ड दक्षिण-पूर्वी एसियामै पहिलो देश भएको छ।

अब थाइल्याण्डमा गाँजाको खेती गर्न पाइने छ। सर्वसाधारणले अब घरमा गाँजा रोप्दा सरकारले अपराध ठान्ने छैन। प्रतिबन्ध फुकुवा भएपछि गाँजाको व्यवसायिक खेती गर्न नागरिकहरुलाई १० लाख विरुवा वितरण गर्ने भएको छ।

अब थाइल्याण्डका नागरिकले चाहे प्रतिपरिवार गाँजाका ६ वटा विरुवा सरकारबाट लिएर घरमा रोप्न सक्नेछन्। त्यस्तै व्यवसायिक कम्पनीहरुले पनि अनुमति लिएर गाँजा खेती गर्न पाउनेछन्।

गाँजामाथिको प्रतिबन्ध हटाउनु नागरिकका लागि आम्दानी गर्ने अवसर भएको थाइल्याण्डका उपप्रधानमन्त्री एवम् स्वास्थ्य मन्त्री अनुटिन चर्नविराकुलले बताएका छन्। प्रतिबन्धित सूचीबाट हटेसँगै अब रेस्टुरेन्टहरुमा पनि गाँजा मिसाइएको खानेकुरा बेच्न पाइनेछ। त्यसैगरी उपचारका लागि औषधिका रुपमा पनि गाँजा प्रयोग गर्न पाइनेछ।

गाँजामाथिको प्रतिबन्ध हटेसँगै सरकारले यसको किनबेचमा जोडिएर जेलमा पुगेका ४ हजार कैदीलाई रिहा गर्ने भएको बीबीसीले जनाएको छ। गाँजालाई लागुऔषधको सूचीबाट हटाइए पनि थाई सरकारले मनोरञ्जन क्षेत्रमा प्रतिबन्ध कायमै छ। प्रतिबन्ध हटे पनि चुरोटमा गाँजा मिसाएर खान पाइने छैन। गाँजा नियन्त्रण फुकुवा तथा उपयोगसम्बन्धी थाई संसद्ले कानुनको मस्यौदा बनाइरहेको छ।

# पाकिस्तानको पञ्जावमा ९ जनाको गोली हानी हत्या



**काठमाडौं/एजेन्सी-** पाकिस्तानको पञ्जाव प्रान्तमा अलग अलग स्थानमा भएका गोली प्रहारमा परेर कम्तीमा पनि नौ जनाको ज्यान गएको छ। गएको २४ घन्टा यता भएका ती हमलाहरुमा नौ जनाको हत्या भएको प्रहरीले जनाएको छ।

अज्ञात समूहले बुधबार यहाँका विभिन्न स्थानमा अन्धाधुन्ध गोली हानेको जनाएको हो। पञ्जाव प्रान्तको शिखुपुरा जिल्लामा गोली हानेर चार जनाको हत्या गरिएको प्रहरीले जनाएको छ। सो स्थानमा बुधबार अपराह्न सवारी साधनमै गोली हानेर चार जना यात्रुको हत्या गरिएको प्रहरीले जनाएको छ।

सडकमै गोली प्रहार गरेर चार जनाको हत्या गरेको सो अज्ञात व्यक्ति भाग्न सफल भएको प्रहरीले जनाएको छ। प्रहरीले खोजी अभियानलाई जारी राखेको भए पनि पक्राउ गर्न सकेको छैन।

त्यसैगरी पञ्जाव राज्यको भवलपुर जिल्लामा पनि भ्यानमा यात्रा गरिरहेका यात्रुमाथि गोली चलाइएको थियो। त्यसमा परेर पाँच जना मारिएका थिए। सो घटनामा संलग्नको पनि प्रहरीले खोजी जारी राखेको बताएको छ। सडकमा गुडिरहेको भ्यानमा एक अज्ञात व्यक्तिले गोली हानेर भागेको थियो।

# भारतमा कोभिड संक्रमण करिब ४१ प्रतिशतले वृद्धि



भारतमा बुधबार मध्यराति अर्थात २४ घण्टाको समयावधीमा थप सात हजार २४० कोरोना संक्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ।

सोमबारको तुलनामा मंगलबार कोरोना संक्रमण ४१ प्रतिशतले वृद्धि भएको थियो। गत मंगलबारबाट महाराष्ट्र राज्यमा कोरोना संक्रमण वृद्धि दर बढ्को पाइएको छ। बुधबार साँझसम्म महाराष्ट्रमा दैनिक संक्रमण दुई हजार ७०१ जनामा देखिएको थियो।

हाल भारतमा कोरोनाका सक्रिय संक्रमित संख्या ३२ हजार ८९८ रहेका छन्। सक्रिय संक्रमितको यो संख्या भारतमा हालसम्म भएका कोरोना संक्रमितको ०.०८ प्रतिशत भएको जनाइएको छ।

बुधबार मध्यरातिसम्म अर्थात् २४ घण्टाको समयावधीमा तीन हजार ३९१ लाई कोरोना निको भएपछि कोरोनाबाट मुक्त भएकाका कुल संख्या चार करोड २६ लाख ४० हजार ३०१ पुगेको छ। अहिले कोरोना भाइरस मुक्ति दर ९८.७१ प्रतिशत रहेको छ।

भारतमा कोरोना शुरु भएदेखि हालसम्म कुल ८५ करोड ३८ लाख परीक्षण भएको छ। भारतमा सन् २०२१ जनवरीबाट राष्ट्रव्यापी खोप अभियान शुरु गरिएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ९४ करोड ५९ लाख ८१ हजार ६९१ हजार खोप लगाइएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७२/०६/१९ मा दर्ता भएको **प्रा.लि. नं. १४०८९९** को **मानवीय स्वास्थ्य सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
तेस्रो पटक प्रकाशित मिति २०७९/०२/२७
यस कम्पनीको मिति २०७८/०९/०१ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम साविक कम्पनी **अर्घाखाँची कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. १४०१७८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एल.एम.टी बिल्डर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०६२/०५/१४ मा दर्ता भएको **प्रा.लि. नं. ३६०४४** को **लक्की इम्प्लोइमेन्ट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०७५/०१/०३ मा दर्ता भएको **प्रा.लि. नं. १८७७२७** को **एपेन ह्याण्डिक्राफ्टस प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

**मलेसियामा वैदेशिक रोजगारको अवसर**
कम्पनी: RUBBEREX ALLIANCE SDN.BHD — शहर: PERAK
पूर्व स्वीकृत मिति: २०७६/१०/२६ — चलानी नं.: ६०१५१४३९ — पुन: विज्ञापन — LT. No.: 232625

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Factory Workers | 1 | 0 | स. काममा दक्ष | 1200 | ३३,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्स: ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

**Vacancy Annoucement**
A Leading Recruitment Agency needs young, highly smart and Intelligent Staff for the Following post.
★ PRO : 1 (Female)
★ Documentation: 2 (Male/ Female)
★ Receptionist : 1 (Female)
Note: Candidate Should be well Known in English and Computer. Must have 2 years Experience in Related field.
तलब आपसी सम्झदारीमा
Email: signalintl2021@gmail.com
Contact No: 9851190207 / 9802003797

**मलेसियामा रोजगार** | कम्पनी: TAI LEONG INDUSTRIES TRADING SENDIRIAN BERHAD — शहर: PINANG
पूर्व स्वीकृत मिति: २०७९/०२/२६ — चलानी नं.: ६०१८०७२४ — L.T. No.: 264663

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय धोबिघाट, ललितपुरमा २०७९ असार ३ गते (17 June 2022) हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्स: २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

**साउदीमा रोजगारको अवसर** | कम्पनी: ASAS BURGER FOR FAST FOOD EST. — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०९/१४ — चलानी नं.: ६०१७१५३४ — पुन: विज्ञापन — LT. No.: 254888

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Meat Roaster | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४६,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Normal Labor | 1 | 0 | | 1000 | ३३,०८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**ईमास्को नेपाल प्रा. लि.**
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५०३८१ ९८०६६५४५७१
फ्याक्स नं.: ४३५७७०८, Mob.: 9818191788, 9808505819

**क्षितिज नेपाल प्रा. लि. को नाम परिवर्तन भएको सूचना !!!**
तेस्रो पटक प्रकाशित मिति: २०७९/०२/२७
यस कम्पनीको मिति २०७९/०१/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी क्षितिज नेपाल प्रा. लि. मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०२/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरि एकिकृत सुचना केन्द्र प्रा. लि. कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारि गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशित मिति: २०७९/०२/२७
**पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि.** को मिति २०७८/१२/०६ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा.लि. (प्रा. लि. नं.: ७८३)**, कायम गर्ने गरी मिति २०७९/०२/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मलेसियामा रोजगार** | कम्पनी: STS INTISARI SDN BHD — शहर: Selangor
पूर्व स्वीकृत मिति: २०७९/०२/२६ — चलानी नं.: ६०१८०६९९ — LT. No.:264636

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगार दाताले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले तिर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले तिर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Diamond Star Overseas Pvt. Ltd.**
Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. PH: 01-4796680, 9818429557, 9809402086

**साउदीमा रोजगार** | कम्पनी: EXCELLENCE PLUS CAR SERVICES LAUNDRY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०२/२६ — चलानी नं.: ६०१८०६९१ — LT. No.: 264632

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार ३ गते (17 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
सामाखुसी, काठमाडौं, फोन: ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्स: ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np

मध्यान्ह
www.madhyanhadaily.com
२७ जेठ २०७९, शुक्रबार
10 June 2022, Friday

# बक्स अफिस समाचार

## विशिष्ट फिल्मकर्मीलाई विमानस्थलमा भीआईपी कक्ष

**काठमाडौं/मस–** नेपाल सरकारले विशिष्ठ परिचय प्राप्त फिल्मकर्मीलाई विमानस्थलको भीआईपी कक्षमा प्रवेश दिइने व्यवस्था मिलाउने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सोमबार गृह मन्त्रालयलाई पत्र लेख्दै सोही पत्रअनुसार फिल्मकर्मीका लागि भीआईपी कक्ष प्रवेशको व्यवस्था मिलाउन आग्रह गरेको हो ।

चलचित्र विकास बोर्डले २०७७ साल चैत १ गते नेपाल सरकारलाई पत्र लेखी विशिष्ट चलचित्रकर्मीको परिचय पत्र प्राप्त फिल्मकर्मीलाई विमानस्थलमा यो सुविधा प्रदान गरिदिन मन्त्रालयलाई पत्राचार गरेको थियो । संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सो अनुरोधलाई सोमबार कार्यान्वयन गर्दै गृह मन्त्रालयलाई समेत यसको जानकारी गराएको हो ।




चलचित्र विकास बोर्डले विभिन्न समयमा गरी अहिलेसम्म ४४ जना फिल्मकर्मीलाई योगदानको आधारमा विशिष्ट चलचित्रकर्मी परिचय बाँडेको छ । तर सरकारले नै यसरी बाँडेको परिचयपत्रको खास उपादेयता नदेखिएको भन्दै आलोचना भएको थियो । सरकारबाट पाउने अन्य सुविधासहित विमानस्थलमा पनि भीआईपी कक्ष प्रयोग गर्न पाउनुपर्ने चलचित्रकर्मीको माग रहँदै आएको थियो । बोर्डले थप ६० जनालाई यो परिचयपत्र बाँड्ने तयारी गरिरहेको छ ।

अभिनेता शिव श्रेष्ठले सरकारको यो निर्णयको स्वागत गरेका छन् । उनले संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आलेलाई व्यक्तिगत रुपमा धन्यवाद दिँदै आफूहरू माग सम्बोधन भएकोमा फिल्मकर्मी पनि बधाइको हकदार भएको बताएका छन् ।

## कृति 'खलंगामा हमला'माथि फिल्म बन्ने

**काठमाडौं/मस–** निर्देशक विनोद विष्टले पुनः पुस्तकमै आधारित फिल्म निर्माण गर्ने भएका छन् । झमक घिमिरेको जीवनीमा आधारित 'जीवन काँडा कि फुल' माथि फिल्म बनाइसकेका निर्देशक विष्टले यसपटक पनि मदन पुरस्कारबाट पुरस्कृत पुस्तक ' खलंगामा हमला' लाई फिल्म बनाउने भएका छन् । 'खलंगामा हमला' राधा पौडेलले झण्डै दुई दशक अघि जुम्लाको खलंगामा घटेको घटनाको विषयमा लेखेको पुस्तक हो ।




फिल्म घोषणा कार्यक्रममा निर्देशक विष्टले अब स्क्रिप्ट लेखन सुरु गरेर आगामी वर्ष छायांकनमा निस्कने योजना रहेको बताए । उनले भने, 'अहिले हामी एकदमै सुरुवाती अवस्थामा छौं । स्क्रिप्टलाई अन्तिम रुप दिन करीब ८/९ महिना लाग्न सक्छ । लेखिका राधा पौडेलसँग नै बसेर हामी स्क्रिप्टलाई फाइनल गर्नेछौं । त्यसपछि कलाकार र प्राविधिक छनोट गरेर छायांकनमा निस्कने छौं ।'

किताबमाथि फिल्म बनाउँदा किताबभन्दा बाहिर निस्कन नमिल्ने भएपनि 'खलंगामा हमला'ले आफैंमा सिनेम्याट्रिक कथा भनेको उनको भनाई छ । पुस्तकमा भएको कुरालाई न्यायपूर्वक फिल्ममा उतार्न आफूले प्रयास गर्ने निर्देशक विष्ट बताउँछन् । राधा पौडेलको जीवनमा ३० वर्षअघि घटेको घटना भएकाले पौडेलको चरित्रमा राम्रो फेस भ्यालु भएको कलाकार राख्ने उनले बताए ।

त्यस्तै, कृतिकी लेखिका पौडेलले 'खलंगामा हमला'माथि फिल्म बनाउन यसअघि केही नेपाली र विदेशी मेकरले प्रस्ताव राखेको भएपनि झमक घिमिरेको कृतिमाथि फिल्म बनाइसकेका कारण निर्देशक विष्टप्रति आफ्नो सम्मान र विश्वास बढेकाले फिल्म बनाउन अनुमति दिएको बताइन् । उनले फिल्मको स्क्रिप्ट लेखनदेखि छायांकनसम्म आफू उपस्थित रहने पनि जानकारी गराइन् ।

उनले भनिन्, 'म फिल्मको बारेमा टेक्निकली केही जाँन्दिनँ । फिल्म कसरी बनाउने भन्ने कुरा निर्देशकको हातमा रहन्छ । तर, म स्क्रिप्ट लेखनदेखि छायांकनसम्म सँगै रहन्छु । त्यो ठाउँ यथावत् नै छ अनि म जीवितै छु । त्यसैले फिल्म राम्रो बन्छ होला भन्नेमा विश्वस्त छु ।' उनले पुस्तकमा आफूले भोगेको कथालाई उतारेको भएपनि फिल्ममा आफैंले अभिनय गर्ने इच्छा नरहेको बताइन् ।

३ करोडको लागतमा बन्ने फिल्मको जुम्ला र चितवनमा छायांकन हुनेछ । २०५७ कात्तिक २७ गते राति माओवादीका लडाकुहरुले जुम्लाको सदरमुकाम खलंगमा आक्रमण गरेका थिए । त्यस समयमा राधा पौडेल जुम्लास्थित जिल्ला स्वास्थ्य कार्यालयमा नर्सको रुपमा कार्यरत थिइन् । भिषण आक्रमणको क्रममा गोली आफ्नो कोठामा छिरेको सन्दर्भलाई पौडेलले पुस्तकमा उतारेकी छन् ।

## विद्यार्थीलाई ट्याब वितरण गर्दै हमालले मनाए जन्मदिन



**काठमाडौं/मस–** महानायक राजेश हमालले सिन्धुपाल्चोकको इन्द्रवाती गाउँपालिका–८ ज्यामिरेस्थित पञ्चकन्या आधार भूत विद्यालय र शर्भासुधा आधार भूत विद्यालयका विद्यार्थीलाई 'ट्याब' वितरण गरेका छन् । 'के फाण्डेशन' अमेरिकाको तर्फबाट प्रकुल न्यौपनेको सहयोगमा प्राप्त ट्याब हमालले दुई विद्यालयमा पाँच/पाँच वटा वितरण गरेका हुन् । १६ वर्षीय प्रकुलले ट्याबमा विद्यार्थी सिकाउने नयाँ प्रविधिको प्रयोग गर्दै अनलाईन कोर्सको डिजाइन गरेका हुन् । ट्याब हस्तान्तरण कार्यक्रमा हमालले विद्यार्थीलाई ट्याबको सही सदुपयोग गराउन शिक्षकहरूलाई आग्रह गरे । उनले समाजलाई दिशा निर्देश गर्न शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले विद्यार्थीहरूलाई शिक्षामा जोड दिन आग्रह गरे । हमालले विद्यार्थी भविष्यको मात्रै नभएर वर्तमानको पनि सशक्त 'फोर्स' रहेको बताए ।

दुर्गम क्षेत्रका विद्यार्थीको शिक्षालाई प्रविधिसँगै जोड्ने उद्देश्यले विद्यालयलाई ट्याब उपलब्ध गराएको के फाउण्डेशन नेपालका अध्यक्ष सौरभ रिमालले बताए । ' विद्यालयमा कम्प्युटर सीमित हुन्छन् । ट्याबबाट प्रत्येक कक्षा कोठामा पुगेर सिकाउन पनि मिल्छ । सबै विद्यार्थीको पहुँचमा पनि पुग्ने भयो । त्यसकारण हामीले ट्याबलाई वितरण गरेका हौं', उनले भने ।

त्यस्तै अध्यक्ष रिमालले डिजिटल प्रविधिसँग विद्यार्थीलाई सिकाउने शैलीमा पनि परिवर्तन गर्नु पर्ने बताए । 'प्रविधिको पहुँच नपुगेका र गरीब परिवारका विद्यार्थीले प्रविधिबाट बञ्चित छन् । हामीले विद्यार्थीको भविष्यलाई हेरेर नै सहयोग गरेका हौं', उनले भने ।

के फाउण्डेशनले चिवन, रामेपछाप, लमजुङ, सिन्धुपाल्चोकलगायतका विभिन्न विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री, पोषक र पुस्तकालय समेत स्थापना गर्दै आएको छ ।

## 'ह्रस्व दीर्घ'मा साउथका कमेडियन अली भित्रिए

**काठमाडौं/मस–** अभिनेत्री नीता ढुंगानाले पहिलो पटक निर्माण गर्न लागेको फिल्म 'ह्रस्व दीर्घ'मा किस्ताबन्दीमा साउथका कलाकारहरु भित्रिरहेका छन् । दुई चर्चित साउथ इन्डियन कलाकारहरु प्रदीप रावत र सुनिल वर्मापछि यो फिल्ममा साउथका अर्का प्रख्यात कलाकार अलीको पनि प्रवेश भएको छ । बुधवार भारतको मुम्बईमा अलीसँग फिल्मका निर्देशक चन्द्र पन्तले कागजी सम्झौता गरेका हुन् ।

कमेडी चरित्रमा अली सर्वाधिक रुचाइएका कलाकार हुन् । उनले ८ सयभन्दा बढी तेलुगू र तमिल फिल्ममा अभिनय गरेका छन् । उनको अभिनयसँगै अनुहारको एक्सप्रेसन र कमेडी टाइमिङ जबर्जस्त मानिन्छ । पहिलो पटक नेपाली फिल्ममा अभिनय गर्न अली उत्साहित रहेको निर्देशक पन्तले बताए । अब उनी साउथका अर्का चर्चित कलाकार ब्रह्मानन्दमलाई साइन गराउने प्रयत्नमा छन् ।



नीताको होम प्रोडक्सन कम्पनी 'नीता फिल्मस'को ब्यानरमा निर्माण हुने फिल्ममा नीतासँगै उनका हुनेवाला श्रीमान् तथा अभिनेता हरिहर अधिकारको पनि मुख्य भूमिका रहनेछ । असार अन्तिममा उनीहरु विवाह बन्धनमा बाँधिदैछन् । साउनबाट छायांकन सुरु हुने फिल्ममा साउथका कलाकारलाई कास्ट गर्न ठूलो खर्च गरिसकेको निर्माण टिमले छायांकनमा पनि करोडौं रुपैयाँ खर्चिंदैछ ।

हाल स्क्रिप्टलाई अन्तिम रुप दिने काम भइरहेको छ । फिल्मलाई बलिउड छायांकार कविरलालले खिच्नेछन् । नीताले फिल्मको नाम र स्क्रिप्टको प्रतिलिपि अधिकार पनि प्रतिलिपि रजिष्ट्रारको कार्यालयमा दर्ता गरिसकेकी छन् । अब कसैले 'ह्रस्व दीर्घ'को कथा, संवाद र प्लट प्रयोग गर्न पाउने छैनन् । हैदराबादमा अवस्थित संसारकै ठूलो स्टूडियो 'रामोजी फिल्म सिटी'मा फिल्म खिचिनेछ ।

## 'प्रसाद २'को निर्देशन सुदर्शनले गर्ने

**काठमाडौं/मस–** घोषणा भएको लामो समयसम्म पनि फ्लोरमा जान नसकेको फिल्म 'प्रसाद २'मा निर्देशक परिवर्तन भएका छन् । फिल्मबाट पहिले तय भएका निर्देशक सौरभ चौधरी निस्किएका छन् भने उनको ठाउँमा सुदर्शन थापा भित्रिएका छन् ।

सौरभ चौधरीले आफू सो फिल्मबाट अलग भएको पुष्टि गरे । 'के कारणले म निस्किएँ त्यो म म उपयुक्त समयमा बताउँछु । अहिलेलाई चाहिँ म त्यो फिल्ममा निर्देशकको हैसियतमा आबद्ध छैन,'उनले इकागजसँग प्रतिक्रिया दिँदै भने ।

यो फिल्मको पहिलो भाग दिनेश राउतले निर्देशन गरेका थिए । सुशील पौडेलको लेखन रहेको फिल्ममा विपिन कार्की, निश्चल बस्नेत र नम्रता श्रेष्ठको अभिनय रहेको थियो ।

